# अभिग्रहण 3

...नेभिल। शुभ प्रभात, कक्षा। हामी फेरी पनि यहाँ तपाईहरुलाई सर्व–पर्याप्त प्रभु येशूको नाउँमा अभिवादन गर्न पाउदा अत्यन्त खुसी छौ। विस्वास गर्दछु कि तपाईहरुले प्रशंसा र आशिषहरुको महान् साता बिताउनुभएको छ।

2 यस विहानमा आउदै गर्दा, मैले एउटा सानो केटालाई त्यहाँ भेटेको थिए र उसले मलाई स्वर्गदुतले दुइटा साना बच्चाहरुको रेखदेख गरिरहेको सजाउने कुरा दिएको थियो। र मलाई थाहा थिएन त्यो सानो केटा डाल्टन थियो, सानो केटा डाल्टन।

3 र यहाँनिर केहि हप्ता पहिले, या एउटा केहि...लगभग दुइ हप्ता पहिले, त्यहाँ एउटा बुबा हुनुहुन्थ्यो, इसाई बुवा जसले आफ्नो किशोरी छोरीलाई भन्दै हुनुहुन्थ्यो जो अझै पनि एउटा इसाई थिईनन्, त्यो प्रार्थनाको पंक्तिमा उभिदै हुनुहुन्थ्यो। र पवित्र आत्माले भन्नुभयो, “म—म तिमीलाई तिम्रो बच्चा दिदछु।” र आज उनी यस बिहानीमा यहाँ छिन्, बचाईएकि र प्रभु येशूको नाउँमा बप्तिष्मा भएकि, यहाँ मंचमा बसिरहेकि छिन्, जस्तो पवित्र आत्माले भन्नुभयो थियो। र अरु बच्चाहरु सबै वरपर बसिरहेका छन्। म जान्दछु कि डाल्टनको परिवार खुसी हुनुहुन्छ।

4 त्यहाँ हेर्नुहोस् सानी महिला जसको बच्चाको निम्ति गत आईतबार प्रार्थना गरिएको थियो, जो मर्न लागेको थियो। मैले देखेको छु कि आज यस बिहान अझै यहाँ हुनुहुन्छ, र हामी त्यस बहिनीको लागि खुसी छौ। तिनीहरुले सोचेका थिए कि उसलाई मांसपेसी दुष्पोषण भएको थियो, र अहिले उसलाई त्यो रोग छैन। त्यसैले हामी धेरै धन्यवादि छौ।

5 सबै मेरा असल साथीहरुलाई यहाँ देखिरहेको छु। मलाई सम्झना छ यहाँ यो भाई म कहाँ एउटा विशेष अन्तर्वार्ताको साथ चाउटाउकुआमा एकपटक आउनुभएको थियो, मलाई विश्वास छ त्यहि ठाउ हो। मैले तपाई र तपाईको श्रीमती र तपाईको छोराछोरीहरु संगै बिहानीको खाजा खाएको थियो, मलाई लाग्छ त्यो...या तपाई र तपाईको श्रीमती, या छोराछोरीहरु, हो सबै संगै हुनुहुन्थ्यो। [एउटा केटाले भन्छ, “मिडलटाउन।”—सम्पा] मिडलटाउनमा...तर हामी सबै...मैले त्यो नाउँ नै भुले, त्यसैले मैले

त्यसलाई चाउटाउकुआ भन्छु। हो, श्रीमान्। मेरा धेरै असल साथीहरु हुनुहुन्छ।

6 भाई चार्ली कक्स र बहिनी नेल्ली यहाँनिर हुनुहुन्छ, जो मेरो लागि दोश्रो घर हुनुभएको छ, र अरु होइन कि तर तपाई नै मेरो आफ्नै छोराछोरी हुनसक्नुहुन्छ। म त्यहाँ तल जान्छु, त्यहि नै ठाउँ हो जहाँ धेरै जसो आरामको समय बित्छ, त्यहि ठाउँ हो। उहाँ नै सर्वोत्तम लोखर्के सिकारी हुनुहुन्छ पुरै केन्टकि भरिमा जब कि म चाहि इन्डियानामा हुँ। र त्यसैले इन्डियाना...र चार्ली, म तपाईलाई भन्दैछु कि म एकदमै लालसा महसूस गरिरहेको छु, एकदमै अचम्म लागिरहेको छ कि मैले केहि त्यस्ता कुरा या धारिदार बास समात्न पर्ने थियो त्यो त्यहाँ शुरू गर्नुभन्दा पहिला। मलाई वास्तवमै यस्तो लागि रहेको छ कि मैले यसलाई एकदम सहन गर्न सक्छु।

7 भाई पर्नेल...पर...अर्नेट, जो दक्षिण क्यारोलिनाबाट हुनुहुन्छ। र भाई...ठिक छ, यहाँ धेरै जना हुनुहुन्छ भिन्न ठाउँहरुबाट हुनुहुन्छ, जो यस बिहानमा हामीलाई भेट्नलाई आउनुभएको छ।

8 तपाईलाई थाहा छ, हामीसंग कुनै नियमित सदस्यता यहाँ छैन। हामी केवल एकले अर्कोसंग संगति गर्छौं, जब कि येशू ख्रीष्टको रगतले, परमेश्वरले पुत्रले, हामीलाई हाम्रो सबै अधार्मिकताबाट धुनुहुन्छ।

9 अब, हामीले अद्भूत अध्ययन गरिरहेका छौ, केवल गौरबमय छ। र हामी, कमसेकम म...म यसमा आनन्दित छु, र म जान्दछु कि तपाईहरु सबै पनि यसमा आनन्दित हुनुहुन्छ। मैले कहिले काहि दिउसो बाट शोरू गरेको छु, त्यसको बारेमा कुरा गर्नको लागि या त्यसको बारेमा पढ्नको लागि, म लगभग दुइटा पदहरु लिन्छु र म धर्मशास्त्रबाट शुरू गर्छु र, पहिलो कुरा तपाईलाई थाहा छ, मैले उत्पत्तिबाट भएर प्रकाशसम्म गईसको छु, अझै गईरहेको छु।

10 र तपाईलाई थाहा छ, म केहि समय लिन चाहन्छु जहाँ हामी हिब्रूको पुस्तकबाट भएर जान पाउछौ, र केवल यसरी लिन्छौ...ठिक छ, जब लोखर्केको मौसम आउछ, जस्तो कि सेप्टेम्बर...लगभग अक्ट–...अगस्ट, तपाईलाई थाहा छ, र विदेश जाने समयसम्म भएर जाँदा, केवल हरेक रात हिब्रूको पुस्तक, या प्रस्थानको पुस्तकबाट हेर्ने गर्छु। कसरी परमेश्वरले प्रस्थानमा आफ्नो मानिसहरुलाई मिश्रबाट ल्याउनुभयो, एउटा प्रस्थान! एकदमै सुन्दर हाम्रो चित्रण थियो जो अहिले प्रस्थानको लागि तयार हुदैछौ।

ओ, यो यति सुन्दर कुरा हो। पूरा धर्मशास्त्र केवल एकैठाउमा गाँठो पर्न आउछ, र यो एउटा विशाल कथा हो।

11 अब, यस बिहानीमा हामी अझै पनि त्यहि पुस्तकमा छौ... हामीहरु एफिसीको पुस्तकको पहिलो तिनओटा अध्यायहरु लिन जानेछौ। एफिसीकाहरु लाई एफिसीमा पावलको पत्र, जहाँ उनले मण्डलीलाई उपयुक्त स्थानमा बसाल्ने प्रयास गरिरहेका छन्। र हामी यसमा जानुभन्दा पहिले, के हामी अर्को केहि क्षण प्रार्थनाको लागि दिनसक्छौ, त्यहाँ जानुभन्दा अगाडि।

12 ओ प्रभु, हाम्रा परमेश्वर, हामीहरु अब तपाईको उपस्थितिमा आउदैछौ, जस्तो अयोग्य हामी छौ त्यसरी नै आउदैछौ, यद्धपि हामी जान्दछौ कि त्यहाँ बलिदान भएको रगतले हामीलाई पर्खिरहेको छ, हाम्रा सबै अशुद्धताबाट शुद्ध गराउदै र हामीलाई पिताको अगाडि प्रस्तूत गराईरहेको छ, निस्खोट र दोष रहित बनाई। त्यहाँ केहि पनि छैन जुन हामीले गर्नसक्छौ यसलाई फाईदा पुग्नको लागि। तर येशूले यो हाम्रो निम्ति गरिदिनुभएको कारणले, हामी उहाको उपस्थितिमा र उहाको नाउँमा यो माग्दै नम्रताका साथ झुक्दछौ कि तपाईले हाम्रो माझमा आज बिहानी पवित्र आत्मा पठाउनुहुनेछ। र एउटा धर्मशास्त्री नभएको कारणले या धर्मशास्त्रलाई क्रममा राख्न नजान्ने भएको कारणले, तर केवल पवित्र आत्मा म बाट भएर कार्य गर्नुहुन्छ भन्ने भावनाका साथ उत्साहि र धन्यवादि भई, यसले हामी सबैलाई तपाईको लिखित वचन पढ्दै गर्दा संगै आशिष दिनुहोस्, ताकि यो हाम्रो निम्ति अनन्त जीवन बनेको होस्। यसलाई प्रदान गर्नुहोस्, पिता। हामी यसलाई येशूको नाउँमा र येशूको खातिर माग्दछौ। आमेन।

13 अब यहाँनिर म यो भन्नसक्छु, पहिलो त, यदि कुनै पनि समय मैले केहि कुरा भन्दछु जुन चाहि असहमत जनक हुन्छ, सहि जस्तो नदेख्ला, हुनसक्छ तपाईको शिक्षामा पूर्ण रूपले गलत होला, या केहि त्यस्तो कुरा जुनसंग तपाई सहमत हुन नसक्नुहोला, म पवित्र आत्मामा भरोसा राख्दछु, कि उँहाले यसलाई यति अनुभवी र तबसम्म मिठो पार्नुहुनेछ...कि कसैलाई यो अपमान हुनेछैन। बुझ्नुभयो? ताकि यो—यो प्रेम र संगतिद्वारा हुनेछ, र त्यहि नै यो हो...यो त्यस तरिकामा हुनपर्नेछ।

14 र यो सबै गत आईतबारको प्रवचनबाट शुरू हुन्छ, मलाई विश्वास छ कि त्यहि नै हो, गत आईतबारको बिहान, जस्तो *बहिष्कृत राजा।* के कसैले

अहिलेसम्म त्यो टेप पाउनुभएको छ? मलाई लाग्छ तिनीहरुसंग त्यो छ, र यदि तपाई चाहनुहुन्छ भने तपाईले त्यो लिन सक्नुहुन्छ, *बहिष्कृत राजा।*

15 अब केवल केहि दिन मात्रै र हामीले मिडल टाउन, ओहाईओ मा शुरू गर्नेछौ। हामी चाहन्छौ कि त्यस समयको लागि तिनीहरुको सबै छुट्टीहरुमा त्यहाँ निर हामीसंग भेट्नलाई निश्चित गर्नुहोस्, 'किनभने हामीले मिडलटाउन, ओहाईओ मा संगतिको एउटा महान् समय अपेक्षा गरेका छौ। मलाई लाग्छ डक्टर सुल्लीभन समितिको अध्यक्ष हुनुहुन्छ। र त्यहाँ पाँच रात हुनेछ, म त्यहाँ इन्टरडिनोमिनेसनल मण्डलीको अन्तराष्ट्रिय सम्मेलन पाहुना वक्ताको रूपमा प्रचार गर्नेछु। र त्यसपछि, हाम्रो आफ्नै सेवाहरु हुनेछ। हामीले त्यो मंच बार्हौसम्म पाएका छौ, म तर समझदारीमा रहेर कि हामी त्यस पश्चातको अर्को हप्तासम्म पनि गर्नसक्नेछौ, केवल पवित्र आत्माले कसरी अगुवाई गर्नुहुन्छ त्यसमा निर्भर भएर गर्नेछु। हामी सबै आत्माबाट डोहोर्याईन चाहन्छौ; केवल आत्माले जे गर भान्नुहुन्छा, त्यसलाई तुरुन्तै गर्नुहोस्।

16 र याद गरौकि हामीले पवित्रा आत्मालाई पालन गर्दैगर्दा, एउटा ठूलो पाठ जुन हामी सिक्न चाहन्छौ, कि कहिल्यै पनि हतारमा गर्नुहुदैन। बुझ्नुभयो, तपाईको समय लिनुहोस्, विश्वास राख्नुहोस्। यदि हामीले परमेश्वरलाई केहि कुरा मागेका छौ भने, याद गर्नुहोस् कि परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुन्छ। उहाले त्यो आफ्नो समयमा गर्नुहुन्छ, त्यो उत्तम तरिकामा गर्नुहुन्छ, त्यो केवल हाम्रो लागि सहि हुने कार्य गर्नुहुन्छ। र यदि त्यो त्यस्तो भएन भने, त्यसो हो भने हामी यस बिहानीमा के गर्दैछौ त? हामीले इसाईत्व के को लागि दावी गर्दैछौ त? परमेश्वर...यदि यो परमेश्वरको वचन होइन भने, त्यसो हो भने यो सत्य पनि होइन, त्यसो हो भने हामी अत्यन्त दरिद्र मानिसहरु मध्य पर्नेछु।

17 म ती अधिकांशसंग हृदयहरु जोड्न पाउदा अत्यन्त खुसी छु जसलाई यो थाहा छ कि यो परमेश्वरको वचन अपरिहार्य छ। तब यो, यसको हरेक वचन सत्य हो, यसको प्रत्येक वचन, यसको हरेक चरण सत्य हो। र परमेश्वरको अनुग्रहद्वारा, त्यो देश हेर्ने शौभाग्य पाए जहाँ हामी कुनै दिन यात्रा गर्नेछौ।

18 हिजो। मानिसहरु जान्दैनन् कि यस प्रकारको सेवकाईमा कस्तो खालको उदासिनताको समय आउछ भनेर। म साच्चै नै उदास भएको थिए,

र मैले मेरी श्रीमतीलाई भने, "म केवल निरन्तर जान सकेको भए हुन्थ्यो।"

उनले भनिन्, "तिमी किन यस्तो भन्दैछौ, बिल?"

मैले भने, "ओ, यहाँ मसंग समस्या र कष्टहरु छन्।"

19 र त्यसपछि पवित्र आत्माले भनेको जस्तो देखियो, "के तिमीले त्यो सबैलाई छोड्न खोजेको? के तिमीले ती सबैलाई धोका दिन लागेको?" बुझ्नुभयो?

20 "होइन," मैले भने, "केवल मलाई ती सबैको सामने पर्न देऊ र त्यसको सामना गर्न देऊ। बुझ्नुभयो, केवल..." बुझ्नुभयो?

21 यो यति राम्रो महसूस भईरहेको छ। इमान्दारिताका साथ, सत्यताका साथ, म यो आँखाको साक्षी सहित भन्दछु, कि ठिक यो जीवन समाप्त भए पश्चात, हामी त्यस देशमा प्रवेश गर्नेछौ जुन सबै कुराभन्दा उत्तम छ र कल्पना भन्दा पनि श्रेष्ठ छ। र यदि त्यहाँ कुनै अन्जान छ यहाँ, म भरोसा गर्छु कि तपाईले गर्नुहुन्न...म परमेश्वरमा प्रार्थना गर्दछु कि तपाईले मलाई एउटा अन्धोविश्वासीको रूपमा नलिनुभएको होस्। म—म चाहन्छु, जस्तो सुकै अवस्था होस्, इन्मान्दार भए सत्य कुरा गर्न चाहन्छु। र मलाई के फाइदा हुन्छ र कुनै कुरा भन्नमा जुन गलत छ, जब कि त्यहाँ कति धेरै छ जुन यहाँ सत्य छ? हामी, किन हामीले कुनै पनि कुरा गलत भन्नुपर्छ र? यो, यो केवल सत्य हो।

22 र कुनै संका छैन, म विश्वास गर्छु कि पावल तेस्रो स्वर्गसम्म लगिएका थिए, र उनले ती कुराहरु देखे जुनको मारेमा बोल्नको लागि उनी योग्य पनि थिएनन्। र एकदिन उनले भने, "आँखाले नदेखेका, कानले नसुनेका, या जुन कुरा मानिसको हृदयमा कल्पनाको रूपमा पसेको समेत छैन, ती कुरा परमेश्वरलाई प्रेम गर्नेहरुलाई (भण्डारमा) राख्नुभएको छ।"

23 ओ, हामी केवल जिईरहेका छौ...हामीहरु यहाँ एउटा फोहोरको डङ्गुरमा बसिरहेका छौ, ती सबै, केवल एउटा फोहोरको डङ्गुर हो जुन एउटा दुर्गन्धको एउटा जलिरहेको धुँवा हो। हामीहरु त्यो आफैबाट दूषित नभएता पनि, हामी त्यसमै बसिरहेका छौ, जहाँबाट पापको फोहोरको धुँवा आईरहेको। सबैभन्दा नराम्रो कुरा जुन मैले विचार गर्नसक्छु, त्यो फोहोरले जलिरहेको एउटा पुरानो शहर हो। के तपाई कहिल्यै त्यसको नजिक जानुभएको छ? त्यो एकदम विकराल हुन्छ, दुर्गन्धित दूषित धुँवा

सबै थरिको फोहोरबाट आईरहेको हुन्छ। र तपाईले त्यसको श्वास मात्र लिदा पनि त्यसले तपाईलाई बिमार बनाउछ।

24 मैले याद गर्छु कि त्यहाँ तल न्यु अल्बानिमा जाँदा, तल त्यहाँ...अठारौ स्ट्रिटको तल, त्यहाँ पुरानो फोहोर डङ्गुर हुने गर्थ्यो, र मैले त्यहाँ तल गएर संकलन गर्नुपर्थ्यो र मिटर पढ्नुपर्थ्यो। र म केवल त्यस दिनदेखि नै डराएको थिए जब त्यो अठारौ रुट, जब म त्यहाँ तल जान परेको थियो, किनभने त्यो विकराल दुर्गन्ध सुन्घ्नु परेको थियो। र त्यहाँ निर मुसाहरु र कुकुर र सबै त्यस्ता कुराको मरिरहेको शरीर थियो, तपाईलाई थाहा छ, त्यो त्यहि जलेर सडिरहेको थियो र त्यो धुँवा त्यसबाट आईरहेको थियो।

25 अब, त्यसैसंग जीवन दजिन सक्नेसम्म दाजिन्छ। आत्मिकरूपले भन्नुपर्दा, जीवन केवल सडिरहेको, पाप सबै ठाउबाट जस्तो छ त्यस्तै गन्हाईरहेको हुन्छ। तर, ओ, जहाँ बतास स्वतन्त्र बगिरहेको हुन्छ, र सबै कुरा प्रिय र शान्ति र आनन्दित र अनन्त जीवन छ, केवल त्यो नदि पारी। तर हामी एउटा लडाईमा छौ, त्यसैले केवल तल लेटेर यो नभनौ, “चाडो गरौ र त्यहाँ पारी जाऔ।” सबैजनालाई हामी संगै ल्याऔ जतिलाई हामीले ल्याउन सक्छौ। हो।

26 र अब यी पाठहरुको उदेश्य तिनीहरुलाई रोकाउनु हो जो भूमीको पार आईसकेका छन्। यसको उदेश्य, यस एफिसीको पुस्तक अध्ययनको उदेश्य यो हो कि, मण्डलीलाई आफ्नो उपयुक्त स्थानमा स्थापित गर्नु जहाँ यो सम्पूर्ण रूपमा ख्रीष्टमा खडा हुँदछ। र यो एउटा पुरानो करारको यहोशूको पुस्तकको चित्रण हो, जहाँ यहोशूले नमूना दिए। गत अईतबार हामीले यो हेर्यौ, जहाँ यहोशूले हरेक व्यक्तिलाई जविन बाँढे। र उनले त्यो प्रेरणाद्वारा गरे।

27 कसरी मोसा...तिनीहरु मिश्रबाट ल्याईए, लसून, प्याजबाट बाहिर निकालेर त्यो ठाउँ दिनुभयो जहाँ परमेश्वरले प्रतिज्ञा गर्नुभएको चार सय वर्षपछि भयो...वा चारसय वर्ष अगाडि प्रतिज्ञा गर्नुभयो, कि उहाले तिनीहरुलाई एउटा ठाउँमा ल्याउनुहुनेछ, एउटा इश्वरीय देश जहाँ दूध र मह बग्दथ्यो। र मोसाले इस्राएलीहरुलाई ठिक त्यो देशसम्म अगुवाई गरे, र तिनीहरुलाई त्यहाँ पारी लान सकेनन्।

28 र येशू, आत्मिकको लागि, ती मानिसहरुको लागि जो...हाम्रो निम्ति शुरू बाटै एउटा पवित्र आत्मा प्रतिज्ञा गरिएको छ, येशूले हामीलाई

प्रतिज्ञासम्म अगुवाई गर्नुभयो। तर पवित्र आत्मा यहोशू जस्तै गरी आउनुभयो, त्यसलाई लिएर र अगुवाई गर्दै र निर्देश गर्दै र देश कब्जा गर्नको निम्ति, वा मण्डली कब्जा गर्नको निम्ति। हामीले पाउछौ कि आधारभूत रूपमा कि...

29 अब यहिनिर जहाँ, मानिसहरुले सोच्न सक्छन् कि म कठोर छु र दाजुभाईहरुलाई अवहेलना गरिरहेको छु। मैले त्यसो गरेको होइन! परमेश्वरको मेरो न्यायी हुनुहुन्छ, मैले त्यसो गरेको होइन। बुझ्नुभयो? मैले त केवल त्यो कुरालाई तोक्न खोजेको जुन कुरा सत्य हो। बुझ्नुभयो? हामीले मानिसहरुको अगुवाहरु चुन्यौ, अगुवाई हुनको साट्टो, अगुवाहरु बनायौ, पवित्र आत्माको अगुवाईमा नहिडेर। हामीले हाम्रा भागहरु कार्य गर्नको निम्ति र हामीलाई अगुवाई गराउनको निम्ति मानिसहरुलाई खोज्यौ। मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्बिटेरियन, लूथरन, चर्च अफ कराईष्ट, पेन्टिकोष्टल, र अन्य भिन्न संगठित संस्थाहरुलाई उदाहरणको निम्ति संस्थालाई लियौ, र हामीले त्यसलाई पछ्यायौ। तर हामी...

30 त्यस्तो खालको कार्य गर्नको लागि हामीले बाईबलमा कहिँ पनि भेट्टाउदैनौ। परमेश्वरको बाईबलमा, त्यहाँ एउटै पनि धर्मशास्त्रको पाठ पाउदैनौ, जहाँ उहाले कहिल्यै मण्डलीलाई संगठित गरेको होस् या उहाले कहिल्यै संस्थाको विषयमा कुरा गरेको होस्, बाईबलको एउटा पनि ठाउँमा त्यो छैन। तर सधै त्यसको विरुद्धमा चाहि छ। उहाले हामीलाई संसारको शैलीमा भएको चाहनुहुन्न। उहाले हामीलाई भिन्न भएको चाहनुहुन्छ, छुट्टाईएको।

31 म "मूर्ख" बन्न चाहेको होइन, जस्तो हामीले भन्ने गर्छौ। मैले भन्न खोजेको बोलाएर निकालिएको मानिस, ओ, एउटा आशिषित पवित्र जाति, त्यो जीवन जिईरहेको जुन तिरस्कार, अभिनय, भन्दा माथि छ, उहाले गर्ने जस्तो व्यवहार गरेर जिएको, जो हामी भित्र काम गरिरहेनुभएको छ, किनकि हामी उहाको कारीगरी हौँ, असल कार्यको लागि ख्रीष्ट येशूमा सृष्टि गरिएको जनहरु हौ।

32 अब, बुधबार राती, तपाईहरु धेरै जना बुधबार राति यहाँ हुनुहुन्न थियो, तर हामी त्यसमा गयौ...मलाई लाग्छ त्यो तेस्रो पद थियो या...होइन, यो ५ औ पद थियो।

...आफ्ना सन्तान हुनलाई *अघिबाटै नियुक्त गर्नुभएको थियो...*

33 कसरी परमेश्वरले आफ्ना मानिसहरुलाई स्थापित गर्ने कोशिष गर्दै हुनुहुन्छ। र जब परमेश्वरले एकजनालाई स्थापित गर्नुहुन्छ, ओ, सबै पूरा मण्डली नै त्यहि एक व्यक्ति जस्तो हुन चाहन्छ, त्यहि खालको कुराहरु आफुसंग भएको चाहन्छ, त्यहि कार्य गर्न चाहन्छ। हामीहरु भिन्न छुट्टाईएका छौ, हामीहरु फरक बनाईएका छौ, हामीहरु भिन्न स्वभावमा बनाईएका छौ, र हामी भिन्न रूपमा पदिय ढंगले स्थापित गरिएका छौ, हरेक व्यक्ति भिन्न कार्यको लागि; हुन सक्छ एउटा केवल सानो खालको कार्यको लागि, अर्को एउटा ठूलो कार्यको लागि। मलाई लाग्छ त्यो दाऊद या अगमवक्ताहरु मध्ये एउटा, मैले अहिले भुले, भन्नुभयो, "दुष्टको पालमा बस्नुभन्दा म परमप्रभुको घरको ढोके हुन रुचाउछु।"

34 अब हामी केहि सेकेन्डको लागि अभिरहणमा नै रोकिनेछौ, ५ औ पद, हामीले सके जति र सम्भव भए जतिको गहिरोमा हामी जानेछु। तर विषय याद राख्नुहोस्, यो सबैकुरा स्थापित गर्ने विषयमा छ। कतिजनाले यो बुझ्नुहुन्छ? तपाईहरु सबैले एउटै शब्दमा भनेको सुनम। स्थापित [सभाले भन्छन्, "स्थापित"—सम्पा।] शरीर ["शरीर"] येशू ख्रीष्टको ["येशू ख्रीष्टको"] पदिय रूपमा ["पदिय रूपमा"] ख्रीष्टमा ["ख्रीष्टमा"] जहाँ पवित्र आत्माले ["जहाँ पवित्र आत्माले"] अगुवाई गर्दै हुनुहुन्छ ["अगुवाई गर्दै हुनुहुन्छ"] त्यहाँ तपाई हुनुहुन्छ, अब हामीले यो बुझेका छौ, हेर्नुहोस्। हामीलाई पदिय स्थानमा स्थापित गर्नलाई, एफिसीको पुस्तक यो गर्नको लागि हो।

35 र यो मास्टर शिक्षकलाई हेर्नुहोस्, पावल। पहिलो कुरा उनले जे गर्छ त्यो पतन भएर जाने धारणालाई निकालेर फाल्छ। "आज एउटा इसाई बनेको र भोलि गएको, र अर्को दिन परमेश्वरले मलाई दोषित तुल्याउनुभएको र अर्को दिन म फेरी फर्केर आएको।" भन्ने धारणालाई निकालेर फालीदिन्छन्, जुन वाहियात हो! अब यो...यो पुस्तक प्रचार शैलीको शिक्षा वा प्रचारकको प्रवचनको रूपमा सम्बोधन गरेको छैन। हामीहरुले...म यो क्षेत्रमा यसलाई छुदिन। म यसलाई मण्डलीमा ल्याउछु किनभने पावलले यो सन्तहरुलाई सम्बोधन गरेका छन्, तिनीहरु जो बोलाईएका छन् र सुरक्षित पारिएका छन्, र भरिपूर्ण छन् र छुट्टाएर राखिएका छन्, र तिनीहरु जो पवित्र आत्मामा छन्, कनानको देशमा पुगिसकेका छन्। उनले तिनीहरुलाई भन्न खोजिरहेका छन्, पहिलो कुरा यो हो, तपाई हराएर पतन भएर जानुहुन्छ र तपाई *यो* गर्नुहुन्छ, र तपाई *यसबाट* डराउनुहुन्छ भन्ने सोच आफ्नो दिमागबाट

निकालिदिनुहोस्। कुनै कुराबाट नडराउनुस्, किनकि उहाले तपाई कुन ठाउँमा हुनुहुन्छ, तपाई को हुनुहुन्छ, र तपाई कसरी खडा हुनुहुन्छ यी कुरा भन्ने कोशिष गर्दै हुनुहुन्छ।

36 अब, तपाईले गलत कार्य गर्नसक्नुहोला, र हरेक पटक जब तपाईले कुनै कुरा गल्ति गर्नुहुन्छ तपाईले त्यसको भुक्तानी पाउनुहुनेछ। हो, श्रीमान्। तपाईले जे रोप्नुहुन्छ त्यहि तपाई कटनी गर्नुहुन्छ! तर त्यसको तपाईको मुक्तिसंग केहि सरोकार छैन। जब तपाई परमेश्वरको आत्माबाट जन्मनुभएको छ, तपाईले अनन्त जीवन पाउनुभएको छ र त्यसपछि मर्न सक्नुहुन्न जसरी परमेश्वर मर्नुहुन्न। तपाई परमेश्वरको हिस्सा हुनुहुन्छ, तपाई परमेश्वरको एउटा छोरा हुनुहुन्छ।

37 म जन्मिदै एउटा भएर जन्मिए। तपाईले मेरो लागि अर्कै कुनै नाउँ बनाउन सक्नुहोला, कुनै अर्कै नाउँ, तर मलाई त्यसले कम बनाउदैन, म अझै पनि ब्रन्हाम नै हुन्छु। म जन्मिदै ब्रन्हाम भएर जनिमिए र सधै ब्रन्हाम नै रहन्छु। म...मेरो शारीरिक अवस्था बिग्रेला, गठियाले ग्रसित होउला, अत्यन्त कमजोर होउला र यति सम्म बिग्रेको अवस्थामा होउला कि जनावार जस्तो देखुला, तर म अझै पनि ब्रन्हाम नै रहनेछु! किन? ब्रन्हामको रगत म भित्र छ।

38 त्यहि नै तपाई हुनुहुन्छ। र जबसम्म परमेश्वरले तपाईलाई बनाउनुभएको छ...अब याद गर्नुहोस्, म तिनीहरुको बारेमा बोलिरहेको छुइन जो ख्रीष्टबाट बाहिर छन्। म तिनीहरुको बारेमा बोल्दैछु जो ख्रीष्टमा छन्। तपाई ख्रीष्टमा कसरी हुन सक्नुहुन्छ? “एउटै आत्माद्वारा!” ठूलो अक्षरमा...जस्को अर्थ हो, “एउटै पवित्र आत्माद्वारा हामीहरु सबै एउटै शरीरमा बप्तिष्मा भएका छौ।” कसरी हामी...कसरी हामी भित्र जान सक्छौ? पानीको बप्तिष्माद्वारा? तपाई ब्याप्टिष्ट र तपाई चर्च अफ क्राईष्टसंग म कति असहमत छु। कुनै पानीको बप्तिष्माबाट होइन, अरु कुनै कुरा बाट होइन! पहिलो कोरिन्थी १२, ले भन्छ, “एउटै आत्मा, पवित्र आत्माद्वारा हामीहरु त्यस शरीरमा ल्याईएका हौ।” र हामी उत्तिकै सुरक्षित छौ जत्ति त्यो शरीर सुरक्षित छ। परमेश्वरले...यो प्रतिज्ञा गर्नुभयो।

39 कसरी परमेश्वरले उहालाई फेरी इन्साफ गर्न सक्नुहुन्छ, जब उहा कलबरीमा जानुभयो? माथि गलगत्थामा जानुभयो, उहालाई पिटियो, चोट लाग्यो, उहाले निको पार्न सक्नुभएन, उहाले एउटा शब्द समेत बोल्न

पाउनुभएन। कारण किन? उहामा संसारको पाप थियो। उहा एउटा पापी भएको कारणले होइन, तर, “उहा पाप बनाईनुभयो।” मेरो लागि र तपाईको लागि। सबै संसारको पाप आदम देखि उहाको आगमन नआउन्जेलसम्म उहाको काँधमा रहेको छ। र परमेश्वरले उँहाको पुत्रलाई सजाय दिदै हुनुहुन्नथ्यो। उँहाले पापलाई सजाय दिदै हुनुहुन्थ्यो। हेर्नुहोस् त्यो कति भयानक थियो? उँहाले एउटा ठाउँ बनाउदै हुनुहुन्थ्यो। उँहाले तिनीहरु सबैको लागि उम्किने बाटो बनाउदै हुनुहुन्थ्यो जसली परमेश्वरले उँहाको पूर्वज्ञानद्वारा, आउछन् भनेर जान्नुभएको थियो। हामी त्यसमा केहि मिनेटमा जानेछौ।

40 अब, त्यसपछि, जब तपाई, “एउटै आत्माद्वारा एउटै शरीरमा बप्तिष्मा हुनुभयो, जो ख्रीष्ट हुनुहुन्छ।” र हामी सदाको लागि सुरक्षित छौ।

41 अब, त्यहाँनिर यो छ जहाँ अनौठो रूपमा ठोकीएको जस्तो देखिन्छ, विशेष गरी अर्मीनियन विश्वासीहरु, कि तिनीहरु...केहि आफैले गर्नुपर्छ जसले तिनीहरुलाई फाइदा गराउछ, या पुण्यको काम। कसरी यो एकै समयमा दुइटा कुराले हुनसक्छ? यो कि त अनुग्रहबाट हो कि त कामबाट, एउटा बाट मात्रै। यो एउटै कुराले हुनसक्दैन, यो दुइटा भिन्न कुराबाट हो; यो केवल एउटा कुराबाट हुनुपर्छ। यो...

42 म, मेरो, म परमेश्वरको अनुग्रहले बाहेक अरु केहि देख्नसक्दिन। त्यो नै मेरो विश्वास हो। मैले सधै अनुग्रहमा विश्वास गरे। म केवल सबैमा अनुग्रह विश्वास गर्छु, त्यहि नै सबै हो। यो म होइन...मेरै जीवनमा पनि, जब म एउटा केटा थिए, मैले केहि देख्न सक्थिन, केवल अनुग्रह, अनुग्रह मात्रै। तिनीहरुले भन्छन्, “म—म...तिमीले मेरो पिठयु कनाईदेऊ र म तिम्रो कनाउछु।” अह, त्यो विचित्र अभिव्यक्ति हो। तर मलाई वास्ता छैन चाहे तिमीले मेरो कनाउछौ या गर्दैनौ, यदि तिमीलाई कनाउन आवश्यक पर्यो भने म जसरी नि गर्नेछु। देख्नुभयो, अनुग्रह। हो, श्रीमान्। हेर्नुहोस्, अनुग्रहले प्रेमद्वारा काम गर्छ। यदि तपाईलाई त्यो चाहिन्छ भने! तपाईले मेरो लागि कहिल्यै केहि नगरिदिएको भए पनि, र तपाई संग मेरो कुनै सरोकार नै छैन भने पनि, यदि तपाईलाई आवश्यक पर्यो भने म गर्नेछु। अनुग्रह! किनभने यो तपाईलाई चाहिन्छ!

43 मलाई बचाएन आवश्यक छ। त्यहाँ मलाई बचाउन सक्ने केहि पनि थिएन। त्यहाँ मैले आफ्नै लागि गर्न सक्ने केहि पनि थिएन, यदि मैले नै

आफैलाई बचाउन सक्दिन भने त्यहाँ केहि थिएन। तर म बचाईन पर्थ्यो, किनभने मैले एउटा परमेश्वरमा विश्वास गरेको थिए। र परमेश्वरले आफ्नो पुत्र पठाउनुभयो, पापमय शरीरको स्वभावमा बनाउनुभयो, मेरो सट्टामा दुख भोग्नको निम्ति, र म बचाईए, अनुग्रहले मात्रै म बाँचे। मैले गर्न सक्ने एउटा पनि कुरा थिएन, या तपाईले गर्न सक्ने, तपाई आफैलाई बचाउनको निम्ति। र तिनीहरु जसलाई उँहाले संसारको उत्पत्ति हुनभन्दा अगाडि नै चिन्नुभएको थियो...

44 हामी त्यस कुरामा गत बुधबार गईसकेका छौ। हामीले परमेश्वरलाई उहाको एला, एलोहिमको तस्बिरमा हेर्यौं, र देखायौ कि उहा स्व–अस्तित्व हुनुहुन्थ्यो। तर उहाको भित्र पिताको गुण थियो, उहाको भित्र विविध गुण थियो, जस्तो कि मुक्तिदाता, जस्तो कि एउटा चंगाईदाता। त्यो सबै परमेश्वरमा थियो, र परमेश्वर स्व–विद्धमान हुनुहुन्थ्यो। तर उहा एउटा मुक्तिदाता हुदाहुदै पनि, उहा एउटा...उहासंग स्वर्गदुत थिएन, उहासंग केहि पनि थिएन। त्यहाँ केहि थिएन केवल उँहा मात्रै हुनुहुन्थ्यो। उहा स्व–विद्धमान हुनुहुन्थ्यो। अरु केहि अस्तित्वमा थिएन केवल परमेश्वर मात्रै हुनुहुन्थ्यो।

45 तर त्यो हुदाहुदै उँहा परमेश्वर हुनुहुन्थ्यो, तब त्यहाँ केहि हुनुपर्थ्यो जसले उहालाई पूजेको होस्, किनभने उहाले उपासना मन पराउनुहुन्थ्यो। र उहाले आफैले सृष्टि गरेको प्राणीले उँहालाई उपासना गर्दथ्यो। अब, अस्थायी रूपमा, फेरी त्यसलाई हेरौ, अस्थायी रूपमा अहिले, हामी सबै कुराहरु बाट भएर जानेछैनौ, तर तपाईले यसलाई टेपमा चाहि पाउनुहुनेछ। तर उहा परमेश्वर भएकोले, उँहाले स्वर्गदूतहरु बनाउनुभयो, र स्वर्गदूतले उँहालाई पुज्थ्यो। स्वर्गदुतले अझै पनि उँहालाई पुज्छन्। किन, स्वर्गदूतहरु जो परमेश्वरको उपस्थितिमा उभिन्छन्, तिनीहरुसंग छ ओटा पखेटाहरु छन्, छ ओटा पखेटाहरु छन्। तिनीहरुले दुइटा पखेटा आफ्नो मुहारमा राख्छन्, दुइटा तिनीहरुको पाउँमा राख्छन्, र दुइटाले चाहि उड्छन्, उँहाको उपस्थितिमा दिन रात गाउछन्, "पवित्र, पवित्र, पवित्र, प्रभु परमेश्वर सर्वशक्तिमान।" त्यो नै हो जुन धर्मशास्त्रले भन्दछ। तिनीहरुले उहालाई पुज्थे, अब त्यो केहि कुरा सृष्टि गरिएको थियो जसले उहालाई पुज्थ्यो।

46 तब उँहा भित्र एउटा मुक्तिदाताको गुण पनि थियो। ती सृष्टिहरु मध्ये कसरी, जब कि त्यहाँ पाप पनि थिएन र पापको विचार पनि थिएन भने

कसरी ती मध्ये कोहि हराउन वा पतन हुनसक्थ्यो? त्यो हुनसक्दैनथ्यो। त्यसैकारणले त्यहाँ केहि कुरा बनाईनु पर्थ्यो जुन पतन हुनसक्थ्यो, ताकि उहा मुक्तिदाता बन्न सकोस्। उँहा भित्र चंगाईदाताको गुण पनि थियो। के तपाई विश्वास गर्नुहुन्छ कि उँहा एउटा मुक्तिदाता हुनुहुन्छ? [सभाले भन्छन्, "आमेन।"—सम्पा] तपाई विश्वास गर्नुहुन्छ कि उँहा एउटा चंगाईदाता हुनुहुन्छ भनि? ["आमेन"] तर के हुन्थ्यो यदि त्यहाँ बचाईन या चंगाई गर्नको लागि केहि हुन्थेन भने? बुझ्नुभयो, त्यहाँ केहि त्यो तरिकामा बनाईनुपर्थ्यो।

47 त्यसैले अब, उँहाले कहिल्यै पनि त्यो तरिकामा बनाउनुभएन, तर उँहाले मानिसलाई स्वतन्त्र इच्छामा हुनलाई बनाउनुभयो, "यदि तिमीले *यो* लियौ भने तिमी जिउनेछौ, यदि तिमीले *त्यो* लियौ भने तिमी मर्नेछौ।" र प्रत्येक मानिस जो संसारमा आउदछ त्यो अझै पनि उहि तरिकामा राखिएको छ। परमेश्वरले आफ्नो पूर्वज्ञानद्वारा, कसले गर्ने छ र कसले गर्नेछैन भनेर जान्नुभएको थियो। यदि परमेश्वर...

48 हिजो एउटा धर्मविदले मलाई एउटा प्रश्न सोध्नुभएको थियो, जो सेवामा आईरहनुभएको छ या टेप सुनिरहनुभएको छ, उँहाले भन्नुभयो, "एउटा प्रश्न!" उँहाले भन्नुभयो, "त्यसो भए के परमेश्वर सर्वव्यापी हुनुहुन्छ? त्यसो भए," उँहाले भन्नुभयो, "उँहा सबै ठाउँमा हुनसक्नुहुन्छ?"

49 मैले भने, "उँहा त्यो तरिकामा सर्वव्यापी हुनुहुन्न जुन तरिकाले शब्दले सर्वव्यापी भन्छ। उँहा एउटा प्राणी भएर सर्वव्यापी हुनसक्नुहुन्न। यदि उँहा सर्वव्यापी हुनुहुन्छ भने, किन तपाईले पवित्र आत्माको निम्ति प्रार्थना गर्नुहुन्छ? यदि उँहा सर्वव्यापी हुनुहुन्छ भने, उँहाले दरार, कुना, दरार, हर कोशीका, फाईबर, भएको सबै कुरालाई उँहाले नै ओगट्नुहुन्थ्यो।" मैले भने, "उँहाले किन मोसाको लागि सिकार गर्नुहुन्थ्यो, यदि उँहा धर्मशालामा सर्वव्यापी हुनुहुन्थ्यो भने? किन उँहा अदनको बगैँचामा 'आदम, आदम, तिमी कहाँ छौ?' भन्दै कराउदै तल र माथि दौडनु हुन्थ्यो? यदि उँहा सर्वव्यापी हुनुहुन्छ भने?"

50 उँहा सर्वव्यापी हुनुहुन्छ किनभने उँहा सर्वज्ञानी हुनुहुन्छ। उँहाले सबै कुरा जान्नुहुन्छ किनभने उँहा असिमित हुनुहुन्छ, असिमित भएकोले नै उँहा सर्वव्यापी हुनुहुन्छ। सर्वव्यापी भएर, त्यसपछि, असिमित भएर, त्यसपछि,

उँहा स्वर्गहरुमा बस्नुहुन्छ। उँहा एउटा ठाउँमा बस्नुहुन्छ किनभने उँहा एउटा प्राणी हुनुहुन्छ।

51 तर असिमित भएकोले, उँहालाई सबै कुरा थाहा छ। हरेक पटक मच्छरले आफ्नो आँखा झिम्काईको थाहा हुन्छ। हरेक मौरी, त्यो आफ्नो मह पाउनको लागि कुन ठाउँमा जान्छ त्यो उँहालाई थाहा हुन्छ। उँहा जान्नुहुन्छ कि प्रत्येक भंगेरा कुन रुखमा बस्छ भनेर। उँहाले तपाईको मस्तिस्कमा भएको सबै विचारहरु जान्नुहुन्छ, किनभने उँहा असिमित र सर्वज्ञानी हुनुहुन्छ। कि उँहा केवल असिमित मात्रै हुनुहुन्न, उँहा सर्वज्ञ पनि हुनुहुन्छ, उँहा सबै कुरा जान्नुहुन्छ। तर उँहा एउटा अस्तित्व हुनुहुन्छ, परमेश्वर एउटा प्राणी हुनुहुन्छ, र उँहाकै प्राणबाट नै यी सबै थोक उँहाले ल्याउनुभयो।

52 र पाप, मैले बितेको रातमा भनेको थिए, पाप एउटा सृष्टि होइन। त्यहाँ सिद्धता भन्दा बाहेक अरु केहि सृष्टि गरिएको थिएन। परमेश्वरले सबै कुरा असल बनाउनुभयो। पाप सृष्टि होइन। भन्नुभयो, “ठिक छ, त्यो पापको सृष्टि हो।” तपाईहरुले यो सुन्नुभएको छ। तर त्यो वेठिक हो। पाप...त्यहाँ केवल एउटा मात्र सृष्टिकर्ता हुनुहुन्छ, त्यो परमेश्वर हुनुहुन्छ। परमेश्वरले पाप सृष्टि गर्न सक्नुहुन्न, किनभने उँहा पवित्र हुनुहुन्छ र उँहाले यो बनाउनको लागि उँहामा केहि पनि त्यस्तो थिएन। पाप विकृति हो; सृष्टि होइन, तर त्यो विकृति हो। व्यविचार धार्मिक कार्यको विकृति हो। एउटा झुट सत्यलाई गलत तरिकामा भन्नु हो। कुनै पनि पाप, कुनै पनि पाप धार्मिकतालाई विकृतिमा ल्याउनु हो।

53 त्यसैले अब, परमेश्वरले रहनुभयो। उँहाले पहिले नै आफुलाई प्रकट गरिसक्नुभयो कि उँहा परमेश्वर हुनुहुन्छ। उँहाले पहिले नै आफैलाई मुक्तिदाताको रूपमा प्रकट गरिसक्नुभएको छ, मानिस पतन भएका थिए र उँहाले तिनीहरुलाई बचाउनुभयो। उँहाले पहिले नै आफैलाई एउटा चंगाईदाताको रूपमा प्रकट गरिसक्नुभएको छ। मानिसले उँहा के हुनुहुन्छ भनेर भनेतापनि त्यसले केहि फरक पार्दैन; र उँहा हरेक रितिले उहि नै हुनुहुन्छ। उँहा एउटा चंगाईदाता हुनुहुन्छ। उँहा एउटा मुक्तिदाता हुनुहुन्छ। उँहा परमेश्वर हुनुहुन्छ, उँहा अनन्त हुनुहुन्छ। र उँहामा एउटा उदेश्य छ। र उँहाको उदेश्य, आदिमा, ती प्राणीहरु बनाउने जसले उँहालाई प्रेम गर्थ्यो र उँहालाई उपासना गर्थ्यो।

54 र उँहाले सृष्टि प्राणीहरु बनाउनुभयो, र सृष्टि पतन भयो। र त्यसपछि परमेश्वर, उँहाको असिमित अनुग्रहद्वारा, समयको आँखाबाट तल हेर्नुभयो र ती सबै मानिसलाई देख्नुभयो जो बचाईने थियो। प्रत्येक मानिस, उँहाले पहिले नै आफ्नो पूर्वज्ञानद्वारा चिन्नुभयो। त्यसैकारणले यदि उँहा, उँहाको पूर्वज्ञानद्वारा, जान्नुभयो कि को को बाच्नेछन् र को को बाच्ने छैनन्। उँहाले पूर्व नियुक्त गर्नसक्नुहुन्थ्यो। त्यसैले, यो शब्द त्यति नराम्रो शब्द होइन, हो र? उँहाले पूर्व नियुक्त गर्नसक्नुहुन्थ्यो, किन भने उँहालाई थाहा थियो को बाच्ने छ र को मर्नेछ। त्यसैले तिनीहरु जो उँहामा आउछन् तिनीहरुलाई समात्नको निम्ति, उँहाले पापको निम्ति एउटा—एउटा कार्य गर्नुपर्ने थियो। ओ, यदि हामीले सक्ने भए, हामी त्यसमा जान चाहन्छौ, केवल केहि पदहरु तल छ। उँहाले हामीलाई अनन्त जीवनको लागि पूर्वनियुक्त गर्नुभयो, यो जानेर कि तिनीहरु जसले सबै कुरा एकतर्फ राखेर, र चाहे तिनीहरु संसारका सन्तानको निम्ति जत्तिनै साधारण र भिन्न किन नदेखोस्, ती कुराले तिनीहरुलाई केहि फरक नै पार्दैन, किनभने तिनीहरु परमेश्वरका छोराछोरीहरु हुन्। र उँहाले तिनीहरुलाई बोलाउनुभयो।

55 र उँहाले येशूलाई पठाउनुभयो, ताकि उँहाको रगत प्रायश्चित हुनसकेको होस्। रगतको प्रायश्चित, एउटा प्रायश्चित बनाउनको लागि, या एउटा—एउटा स्वीकारोक्ति, या एउटा शुद्धताको लागि। एउटा निरन्तर रूपमा हुने शुद्धताको प्रक्रिया...केवल एक पटक एउटा जागृतिको लागि मात्रै होइन, तर "सदाको लागि जीवित मध्यस्थता," कि इसाईहरु दिन र रातको लागि शुद्ध पारिन सक्न। त्यहाँ येशू ख्रीष्टको रगत छ जसले त्यहाँ क्रूसमा एउटा स्वीकारोक्ति बनाउछ...जुन परमेश्वरको उपस्थितिमा गराउछ, जसले हामीलाई लगातार सफा गराउछ, दिन र रात, सबै पापबाट शुद्ध गराउछ। र हामीलाई सुरक्षित तरिकाले राखिएको छ। राखिएको कसरी? पवित्र आत्माद्वारा, प्रभु येशूको शरीरमा सुरक्षित राखिएको छ। "जसले मेरा वचनहरु सुन्छन् र मलाई पठाउनुहुनेलाई विश्वास गर्छन्, त्यसमा अनन्त जीवन रहन्छ र इन्साफमा कहिल्यै पर्नेछैनन्, तर मृत्यु देखि जीवनमा आएको छ।" कुनै इन्साफ छैन! इसाई कहिल्यै पनि इन्साफमा जादैन। ख्रीष्ट नै उसको निम्ति इन्साफमा जानुभयो। मेरो अधिवक्ता मेरो ठाउँमा उभिनुभयो। म अज्ञानी थिए भनेर उँहाले मेरो मुद्दामा विन्ती गर्नुभयो। उँहाले पितालाई भन्नुभयो कि म लायकको थिईन, म अज्ञानी थिए। तर उँहाले मलाई प्रेम गर्नुभयो र उँहाले मेरो ठाउँ लिनुभयो, र मेरो मुद्दामा विन्ती

गर्नुभयो, र आज म मुक्त छु! हो, श्रीमान्। र उँहाले आफ्नो रगत बगाउनुभयो हाम्रो पापबाट मुक्ति दिनको लागि।

56 याद गर्नुहोस् गत बुधबारको राति, कुनै पनि इसाई...इसाईहरूले पाप गर्छ, तर एउटा पापीले पाप गर्नसक्दैन। एउटा पापीले पाप गर्दैन, किनभने उ एउटा पापी हो। उ शुरूमा नै पापी हो, त्यहि नै सबै हो। यहाँ यो पुस्तकको पछाडिलाई लिनुहोस्, यो कालो छ, त्यसको कति भाग चाहि कालो छ? यो सबै नै कालो छ। त्यहाँ कुनै सेतो नै छैन, यो कालो छ। तपाईले भन्नुहुन्छ, "*यति* सम्म यहाँ।" होइन, त्यो त्यस्तो होइन, सबै नै कालो छ। यो सबै नै कालो छ। त्यहि नै खालको हो एउटा पापी। उसले शुरू गर्ने बेलामा नै उ दोषी छ। ठिक छ, तपाईले भन्नुहुन्छ, "के हुन्छ यदि उसले व्यविचार गर्यो भने? के हुन्छ यदि उसले कुनै महिलालाई मोहित गर्यो भने? के हुन्छ यदि उसले जुवा खेल्यो भने? के हुन्छ यदि उसले कसैलाई गोलि हानेर मार्यो भने?" त्यो हाम्रो मतलवको कुरा होइन। त्यो हाम्रो वास्ताको कुरा होइन, हामी संग त्यसको मामला मिलाउन कानून छ। हामीहरु सुधारकहरु होइनौ, हामी सुसमाचारको प्रचारकहरु हौ। हामीले उसलाई उसले गरेको कुराको लागि दण्ड दिदैनौ, उसले व्यविचार गरेको कारणले हामीले उसलाई दण्ड दिदैनौ। हामी त उसलाई दोषी ठहराउछौ किनभने उ एउटा पापी हो! यदि उ एउटा इसाई हो भने, उसले त्यस्तो गर्ने नै थिएन। त्यो सहि हो। यदि उ परिवर्तन भएको थियो भने, उसले त्यसो गर्दै गर्दैन। तर उ एउटा पापी भएको कारणले, त्यहि पापको कारणले नै उसलाई त्यसो गर्न लगायो।

57 त्यहाँ त्यो छ जहाँ यसले दस्तक दिन्छ जुन कानूनबादीहरुलाई बाहिर पुराउछ। हो, श्रीमान्। भाई, तपाईलाई म भन्छु, "यो कर्मबाट होइन, तर अनुग्रहबाट हामी बचाईएका हौ, र त्यो विश्वासद्वारा हो।" हो, श्रीमान्। अब, म कानूनवादि भाईहरुलाइ म दोषी बनाउदिन, तिनीहरु मेरा भाईहरु हुन्। र तिनीहरु त्यहाँ ठिक त्यस्तै नै तरिकामा हुनेछन जस्तो तरिकामा अरु पनि हुनेछन्, किनभने परमेश्वरले आफ्नो मण्डलीलाई त्यहाँ हुन पूर्वनिर्धारण गर्नुभयो। तर केवल त्यो कुरा जुन तपाई मानिसहरुले एकदमै च्यात्नुभएको छ, तिनीहरुले जान्दैनन्। "आज, हुनसक्छ, यदि म— म..." केवल उँहाहरुलाई थाहा दिनुहोस्; जबसम्म तिनीहरुसंग संसारको भोग छ, तिनीहरु त्यहाँ शुरूको अवस्थामा नै छैनन्।

58 म मेरी श्रीमतीको अगाडि सत्य भई यसकारणले जिउदिन कि उसले

मलाई सम्बन्ध विच्छेद गर्ला भनेर। म मेरी श्रीमतीको लागि सत्य भई यसकारणले जिउछु किनभने म उसलाई प्रेम गर्छु। यो कानूनी स्थान हो जुन हामीले लिएका छौ, कि हामी एकअर्कालाई प्रेम गर्छौं। पहिलो, त्यो त्यहाँ हुन पाउनु भन्दा अगाडि, त्यो एउटा प्रेम हुनुपर्छ। म उनलाई प्रेम गर्छु। यद्धपि म विश्वास गर्छु कि यदि मैले केहि कुरा गल्ति गरे भने, उनले मलाई क्षमा दिनेछिन्, तरै पनि म त्यस गल्तिलाई कुनै पनि रितिले गर्दिन। म उनलाई प्रेम गर्छु।

59 ख्रीष्टमा पनि त्यहि नै तरिकामा छ। यदि म—यदि म जिउदा...म पचास वर्ष भईसकेको छु, यदि म नब्बे वा सय वर्षसम्म जिउछु भने, अर्को पचास वर्ष प्रचार गर्नलाई छ पाए भने; र त्यस समय भरि मैले कहिल्यै पनि प्रचार गरिन भने पनि, तल नदिमा गएर समय बिताए भने पनि, म जसरी पनि बचाईएको छु। परमेश्वरले मलाई उँहाको अनुग्रहद्वारा बचाउनुभयो, मैले गर्न सक्ने केहि पनि कुराले फाईदा नहुदा पनि, मैले गर्ने कुनै कामले बचाउनमा फाइदा गरेन। म प्रचार यस कारणले गर्छु किनभने म उहालाई प्रेम गर्छु र उहाको मानिसहरुलाई प्रेम गर्छु। र त्यहि नै कारणले म जान्दछु कि मैले मृत्युबाट जीवनमा गएको छु, किनभने म तिनीहरुलाई प्रेम गर्छु र तिनीहरुको पछि जान्छु। तिनीहरु जस्तो सुकै अवस्थामा भएतापनि, म तिनीहरुको पछाडि जसरी पनि जान्छु। तिनीहरुकहाँ जसरी नि जानुहोस् र तिनीहरुलाई जसरी नि तानेर ल्याउनुहोस्। यदि सेवकहरु असहम हुनुहुन्छ र अरुहरु असहमत छन् भने, र संगठित संस्थाहरु असहमत छन् भने, त्यसले मलाई रोक्दैन। त्यहाँ केहि छ! यसले उहालाई रोक्दैन! उँहा ठिक अविश्वासको विचमा आउनुहुन्छ, उँहा ठिक त्यहि कुनै पनि रितिले आउनुहुन्छ। त्यहि नै हो जे हामीले गर्छौं, बाहिर गएर तिनीहरुलाई ल्याउछौ, हर तरिकाले तिनीहरुलाई पक्रन्छौ। केहि फरक पर्दैन, जानुहोस्, समात्नुहोस्, पक्रनुहोस, तपाईको पुरा सामर्थ्यले त्यसो गर्नुहोस्। तपाईहरु जान्नुहुन्न कि तिनीहरु को हुन्। तिनीहरुलाई बचाउनुहोस्। त्यो प्रेमको कारणले हो। यो कारणले होइन किनकि "मैले त्यसो गर्नुपर्छ" तर किनकि म प्रेम गर्छु, किनभने तपाईले प्रेम गर्नुहुन्छ।

60 भन्नुहुन्छ, "म गएर त्यस स्त्रीसंग सबै कुरा ठिक बनाउनुपर्छ, तर, म तपाईलाई ठिक अहिले भन्दछु, किनभने म मण्डली जान्छु र म गएर त्यसलाई सहि पार्नु पर्दछ।" होइन, पहिलो त तपाई चाहि हो जो सहि हुनुपर्दछ। बुझ्नुभयो? बुझ्नुभयो? यदि तपाईको हृदयमा परमेश्वरको प्रेम

छैन भने, केहि अर्को कुराले तपाई गलत हुनुहुन्छ भनेर थाहा दिलाउछ, त्यसो हो भने तपाई जानुहोस् र परमेश्वरको अगाडि त्यसलाई ठिक तुल्याउनुहोस्। त्यसपछि तपाईले तपाईको छिमेकि संग त्यसलाई सहि बनाउनुहोस्।

61 येशूले उहि कुरा सिकाउनुभयो। उँहाले भन्नुभयो, "यदि तिमीहरु वेदिमा आयौ भने, र त्यहाँ एउटा...याद गर्नुहोस् यदि त्यहाँ केहि कुरा एउटा छिमेकी वा भाईको विरुद्धमा छ भने, पहिले गएर उ संग त्यसलाई कुरा ठिक गर।"

62 अब, अब यो युगमा जुन अहिले आएको छ। हामीले बुधबारको रातमा हेरेका थियौ, "प्रकटिकरण।" हामी फेरी यस बिहानीमा त्यस विषयलाई लिनेछौ, "परमेश्वरको पुत्रहरु प्रकट भएको" कुरामा। अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरले पर्खिरहनुभएको छ। र त्यसपछि अन्तिम समय जब हामी सबै उँहाको अगाडि खडा हुन्छौ। स्वर्गदूतहरु पतन भएका थिएनन्। तिनीहरुले हामीले जसरी आशिषको आनन्द लिन जान्ने छैनन्, तिनीहरु कहिल्यै पतन भएका थिएनन्। तर म जान्दछु म के बाट आए, मलाई थाहा छ कुन चट्टानबाट म चिरिएको थिए भनि, एउटा पापी। तपाईलाई थाहा छ तपाई कहाँबाट चिरिनुभयो। अब जब हामी भेट्टाइन्छौ, तब हामी परमेश्वरको अगाडि खडा हुनसक्छौ। ओ, कति महान् दिन हुनेछ त्यो!

63 अभिग्रहण स्थापित गरियो। परमेश्वरले यो कार्यमा गर्दै हुनुहुन्छ। यदि मैले यो तपाईलाई ल्याउनसके, हामीहरु ठिक अहिले ५ औ पदमा शुरू गर्नेछौ, म यो पढ्न चाहन्छु।

> *उँहाको इच्छाको लक्ष्य अनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उँहाले हामीलाई* आफ्ना *सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो,*

64 यो परमेश्वरको इच्छा खुसी हो कि उँहाले यो गर्नुभयो, अभिग्रहण र स्थापित गर्ने। अब उँहाले के गर्दै हुनुहुन्छ? आफ्नो मण्डलीलाई स्थापित गर्दै हुनुहुन्छ। पहिलो, उँहाले आफ्नो मण्डलीलाई बोलाउनुभयो, मेथोडिष्ट, प्रेस्बिटेरियन, लुथरन, ब्याप्टिष्ट, तिनीहरुलाई बोलाउनुभयो। त्यसपछि उँहाले के गर्नुभयो? पवित्र आत्मालाई पठाउनुभयो र तिनीहरुलाई पवित्र आत्माको बप्तिष्मा दिनुभयो।

65 म तपाई पेन्टिकोष्टल साथीहरुलाई यी कुरा आफ्नो हृदयबाट निकालिदिनुभएको चाहन्छु। पेन्टिकोष्ट संगठित संस्था होइन; पेन्टिकोष्ट त

एउटा अनुभव हो। त्यो त पवित्र आत्मा हुनुहुन्छ। त्यो एउटा संस्था होइन। तपाईले पवित्र आत्मालाई संस्थागत गर्न सक्नुहुन्न। उँहा त्यसको लागि खडा हुनुहुनेछैन। अब तपाईहरु संग संस्था छ जसलाई तपाईहरुले त्यो भन्नुहुन्छ, तर पवित्र आत्मा ठिक बाहिर आउछ र तपाईलाई तपाई जहाँ हुनुहुन्छ त्यहि बसाउछ, र लगातार गईरहनुहुन्छ। बुझ्नुभयो? पेन्टिकोष्ट एउटा संस्था होइन; पेन्टिकोष्ट एउटा अनुभव हो।

66 र त्यसपछि परमेश्वरले आफ्ना छोराछोरीहरुलाई नया जन्म दिनुभयो, पवित्र आत्माको बप्तिष्माद्वारा दिनुभयो। तिनीहरु त्यहाँ नजिक आइपुगे जब तिनीहरुले आफैलाई शुद्ध पारे, नाजरिन र पिल्ग्रिम होलिनेसद्वारा गरे। त्यसपछि पेन्टिकोष्टको अनुभव तर्फ आईपुगे, या त पवित्र आत्माको बप्तिष्मामा आइपुगे, वरदानको पुनर्स्थापना तर्फ आइपुगे। तिनीहरु अन्यभाषाहरुमा बोल्न थाले र त्यसको उल्था गर्नथाले, र चंगाई र चमत्कारका वरदानहरु पाए, र चिन्हहरु र आश्चर्य कर्महरुले तिनीहरुको साथमा रहे। अब तिनीहरु सन्तान हुन्, तिनीहरु परमेश्वरका सन्तान हुन्। तिनीहरु पदिय रुपमा ख्रीष्टमा छन्। तिनीहरु जन्मद्वारा सन्तान भए। र नया जन्म र रूपान्तरण आफै नै पवित्र आत्मा हुनुहुन्छ।

67 तपाई तब सम्म परिवर्तन हुनुहुन्न जबसम्म तपाईले पवित्र आत्मा पाउनुभएको छैन। त्यहि नै धर्मशास्त्रले बन्दछ। येशूले पत्रुसलाई भन्नुभयो, जो कोहिलाई सोध्नुहोस्, तपाईको धर्मशास्त्र पढ्नुहोस्, उनी प्रभु येशूमा विश्वास गर्नाले धार्मिक भए, एउटा चेला भए, एउटा प्रेरित। येशूले उनलाई राज्यका साचाहरू दिनुभयो। र यूहन्ना १७:१७ मा, उँहाले तिनीहरुलाई पवित्र पार्नुभयो, तिनीहरुलाई शक्ति दिनुभयो, तिनीहरु बाहिर पठाउनुभयो, दुष्ट र प्रेतहरुलाई निकाल्नुभयो, तिनीहरुलाई पवित्र पार्नुभयो, "पिता, तिनीहरुलाई तपाईको सत्यद्वारा पवित्र पार्नुहोस्। तपाईको वचन नै सत्य हो। म आफैलाई तिनीहरुको कारणले पवित्र पार्दछु।"

68 त्यो मैले सुनेको सबै भन्दा मिठो वचन हो। "पिता, म तिनीहरुको खातिर आफैलाई पवित्र पार्दछु।" के तपाईलाई थाहा छ कि उँहासंग आफ्नो घर हुने अधिकार थियो? उँहा एउटा मानिस हुनुहुन्थ्यो। तपाई थाहा छ के उँहासंग आफ्नो लागि श्रीमती हुने हक थियो? उँहा एउटा मानिस नै हुनुहुन्थ्यो। उँहामा यी सबै कुरा हुने अधिकार थियो, तर उँहाले भन्नुभयो,

“पिता, म आफैलाई तिनीहरुको खातिर पवित्र तुल्याउछु। म आफैलाई पवित्र बनाउछु।

69 मैले हिजो एउटा प्रचारक संग गफ गरेको थिए, म उँहाको लागि यहाँ राज मार्गमा केहि रातसम्म प्रचार गर्न जाँदैछु। र मैले उँहासंग कुनै निश्चित कुराको विषयमा सोधे, उँहाले भन्नुभयो, “हो, भाई ब्रन्हाम, तर मेरा अधिकांश मानिसहरुले यो कुरा विश्वास गर्दैनन्।”

मैले भने, “अधिकांश तिनीहरु सबै विधिवादिहरु हुन्?”

70 “हो।” भाईले त्यो विश्वास गर्दैन। “तर,” उँहाले भन्नुभयो, “तिनीहरुको खातिर!” ओ, मैले उँहालाई अँगालोमा हाल्न चाहे। “तिनीहरुको खातिर, बुझ्नुभयो, म आफैलाई तिनीहरुको खातिर शुद्ध तुल्याउछु।”

71 ओ, येशूले बाह्रजना मानिसहरुलाई प्रशिक्षण दिदै हुनुहुन्थ्यो, कि ती बाह्र जना मानिसबाट उँहाको सुसमाचार संसारसम्म लागिन सकोस्। र उँहाले भन्नुभयो, “तिनीहरुको खातिर म आफैलाई पवित्र बनाउदछु।” तपाईले आफैलाई आफ्नो छिमेकिको खातिर, अरु कसैको खातिर। “स्वतन्त्रतालाई कुकर्म गर्ने बहाना नबनाओ,” पावलले भन्छन्, “तर आफैलाई पवित्र बनाओ!” आफैलाई छिमेकि कहाँ व्यवहार असल तरिकाले गर, जस्तो वास्तविक इसाईले गर्नुपर्दछ। तपाईको कुराकानी होस् यदि तपाईले आफ्नो शत्रुलाई भेट्नुहुन्छ भने, उसको खातिर आफैलाई शुद्ध बनाउनुहोस्, यो नजानेर कि तपाईले के गर्नसक्नुहुन्छ।

72 अब पुत्रलाई स्थापित गर्ने। पहिलो कुरा पुत्र भित्र भईसकेपछि, उ एउटा पुत्र बन्छ, तर हामीले उसको व्यवहार पाउछौ जुनले उनलाई अभिग्रहणमा ल्याउछ, कतै उसले ठिक व्यवहार गर्यो या गरेन।

73 र त्यो पेन्टिकोष्टल हो...अब तपाईलाई म देखाउनेछु कि पेन्टिकोष्ट एउटा संगठित संस्था होइन भनेर। कति जना व्याप्टिष्ट यहाँ हुनुहुन्छ जो ब्यप्टिष्ट हुनुहुन्थ्यो, जसले पवित्र आत्मा प्राप्त गर्नुभएको छ, तपाईहरुको हात हेरम। बुझ्नुभयो? कतिजना मेथोडिष्ट यहाँ हुनुहुन्छ जसले पवित्र आत्मा प्राप्त गर्नुभएको छ, तपाईहरुको हात उचाल्नुहोस्। कतिजना नाजरिन यहाँ हुनुहुन्छ जसले पवित्र आत्मा प्राप्त गर्नुभएको छ, हातहरु उचाल्नुहोस्। प्रेस्बिटेरियन, जसले पवित्र आत्मा प्राप्त गरेका छन्? लूथरन? अरु डिनोमिनेसनहरु, जो पेन्टिकोष्टसंग सम्बन्धित हुनुहुन्न, केवल कुनै डिनोमिनेसनसंग सम्बन्धित हुनुहुन्छ, जसले पवित्र आत्मा प्राप्त गर्नुभएको

छ, तपाईहरु सबैको हात हेरौ। बुझ्नुभयो? त्यसैले पेन्टिकोष्ट एउटा डिनोमिनेसन होइन, यो एउटा अनुभव हो।

74 अब, परमेश्वरले तपाईलाई ख्रीष्टको शरीरमा लानुभयो। अब उँहाले के गर्नुहुन्छ? तपाईले आफैलाई साबित गराईसकेपछि, तपाईको असल व्यवहारले आफैलाई पवित्र बनाईसकेपछि, पवित्र आत्मामा आज्ञापालन गरिसकेपछि, चाहे संसारले जे सुकै किन नभनोस्।

75 म—म यो वास्तवमै बेस्सरी नै लगाउनेछु, हेर्नुहोस्, किनभने...म कठोर हुन खोजेको होइन। म—म...कृपया। यो नसोच्नुहोस् कि मैले त्यसो भन्न खोजेको हुँ। म—म त्यसो बन्न खोजेको होइन। मलाई के ले चिन्ता गराउछ भने, कि मानिसहरुलाई लिएर र परमेश्वरले पठाउनुभएको यो सत्य तिनीहरुमा प्रचार गर्न, तिनीहरुले सुनेर पनि त्यसलाई वेवास्ता गरेर उहि कार्यहरु गरिरहन्छन्, र भन्छन् कि तिनीहरुमा पवित्र आत्मा छ। त्यसले लगभग तपाईलाई बर्बाद गर्छ, बुझ्नुभयो। के भयो? तिनीहरु ठिक त्यहि कुरामा फर्केर आउछन्, ठिक इस्राएलका सन्तानले गरेका थिए, तिनीहरुले राजा चाहन्छन् ताकि यस राजाले तिनीहरु माथि शासन गरुन् र तिनीहरुलाई एमोरी, अमालेकी र फलिश्तीहरु जस्तो व्यवहार गर्ने बनाउछ।

76 तपाईहरुलाई थाहा छ, महिलाहरु, स्ल्याक्स लगाउनु गलत हो? के तपाईलाई त्यो थाहा छ? के तपाईलाई थाहा छ तपाईको कपाल काट्नु गलत हो? के तपाईलाई थाहा छ यो गलत हो कि तपाईले धुम्रपान गरिरहनु र त्यसरी नै व्यवहार गरिरहनु? के तपाईलाई थाहा छ कि आफ्नो घरको श्रीमान् नबन्नु गलत हो, तपाईको श्रीमती थोरै रिसमा हुन्छिन् र तपाईलाई घरको ढोकाबाट लात हानेर निकलिदिन्छिन्, "हो, तिम्रो हृदयलाई आशिष भएको होस्, प्रिय, म ठिक फर्केर आउनेछु"? तपाईलाई थाहा छ तपाई... जब तपाईले आफ्नै घरलाई समेत नियन्त्रण गर्न सक्नुहुन्न भने कसरी तपाई परमेश्वरको एउटा कोमल व्यक्ति हुनसक्नुहुन्छ? त्यो वास्तवमै सहि हो। तपाईलाई थाहा छ, बहिनी, तपाईको श्रीमान् केवल तपाईको श्रीमान् मात्रै होइन, उँहा तपाईको शासक पनि हुनुहुन्छ? परमेश्वरले त्यसै भन्नुभयो। किनभने श्रीमान् छलमा परेको होइन, स्त्री चाहि छलमा परेकी हुन्। र तपाई प्रचारकहरु परमेश्वरको वचनले यसलाई दण्डित गर्छ भन्ने जान्दा जान्दै पनि स्त्री पाष्टरहरु र प्रचारकहरु बनाईनै रहनुहुन्छ।

77 तपाईहरु "पिता, पुत्र र पवित्र आत्माको" नाउँ बप्तिष्मा दिदा प्रयोग गरिनै रहनुहुन्छ जब कि त्यसलाई समर्थन गर्ने त्यहाँ बाईबलमा एउटा कणको धर्मशास्त्र पनि छैन। म कोहि मूख्य विशप या कोहि ले यो देखाएको चाहन्छु कि जहाँ बाईबलमा कहिल्यै कोहि "पिता, पुत्र, पवित्र आत्माको" नाउँ बप्तिष्मा लिएको होस्। मलाई कसैले देखाउनुहोस् जहाँ कहिल्यै कोहि येशूको नाउँमा बाहेक अरु कुनै तरिकाले बप्तिष्मा भएको होस्। तर यूहन्ना... बप्तिष्मा, तिनीहरु उँहा आउदै हुनुहुन्छ भनि विश्वास गरी बप्तिष्मा भएको थियो, तर तिनीहरुलाई थाहा थिएन उँहा को हुनुहुन्थ्यो भनि। तर जब तिनीहरुले त्यो जाने, तिनीहरु फेरी येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिन आउन पर्ने थियो। मलाई कसैले...मैले—मैले एसेम्ब्लिज अफ गडलाई सोधेको थिए, र अरु प्रचारकहरु, ब्याप्टिष्ट, प्रेस्बीटेरियन, र सबैलाई। तिनीहरु तिनीहरु यो विषयमा बोल्दै बोल्दैनन्। म धर्मशास्त्र हेर्न चाहन्छु।

78 र त्यसपछि म एउटा "अन्धोभक्त," हुँ, हँ, त्यस पछि म "पागल," मेरो दिमागबाट म बाहिर भए, म एउटा "पागल," कारण केवल मैले तपाईलाई सत्य भन्ने कोशिष गरेकोले? अब, त्यो—त्यो इमान्दारिता हो, भाईहरु। यदि कुनै मानिस परमेश्वरको लागि बेचिएको छ भने, तपाईले लक, स्टक र ब्यारेल बेच्नुभएको छ। तपाई—तपाई—तपाई—तपाई—तपाईलाई एक्ल्याइन्छ, तपाई—तपाई भिन्न सृष्टि हुनुहुन्छ।

79 बोलाईएक धेरै छन्, थोरै मात्र चुनिएका छन्। हो, अधिकांश मानिसहरु बोलाईएका छन्, तपाईले बोलावट आफ्नो हृदयमा पाउनुहुन्छ, "हो, म विश्वास गर्छु कि परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ। म विश्वास गर्छु कि उँहाले त्यसो गर्नुहुन्छ।"

80 तर, भाई, तपाई उत्तिकै पतन भएको हुनसक्छ जत्ति अरुहरु नचिन्नेहरु छन्, किनभने तिनीहरु त्यस दिनमा आउनेछन्, यसो भन्दै आउनेछन्, "प्रभु, मैले भूत प्रेतलाई तपाईको नाउँमा निकाले। मैले सबै कुरा तपाईको नाउँमा गरेको छु। मैले चंगाईको सेवाहरु गरेको थिए। मैले सुसमाचार प्रचार गरेको छु। मैले दुष्टलाई धपाएको छु।"

81 र येशूले भन्नुहुनेछ, "यहाँबाट दूर होइजाओ, म तिमीहरुलाई चिन्दा पनि चिन्दिन, तिमी पाखण्डीहरु। उ त्यो हो जसले मेरा पिताको इच्छा पुर्याउदछ!" किन मानिसहरुले यो देख्दैनन्? अब, मलाई थाहा छ त्यसले

दुखाउछ। र मैले—मैले तपाईहरुको चित्त दुखाउन खोजेको होइन, मैले त्यो त्यसको खालको होस् भन्ने चाहेको होइन। तर, भाई, म—म...

82 मैले यस्तो देखिरहेको छु कि हामी—हामीहरु अन्तिम समयमा छौ, र परमेश्वरले अभिग्रहण गर्दै हुनुहुन्छ, मण्डलीमा उपयुक्त स्थानमा स्थापित गर्दै हुनुहुन्छ, ख्रीष्टको शरीरमा स्थापित गर्दै हुनुहुन्छ। अब, त्यहाँ धेरै जना हुनेवाला छैन जसले उहाले त्यहाँ राख्नुहुनेछ, म तपाईलाई भन्न जानेछु त्यसको शुरू। तपाईले भन्नुहुन्छ, "ओ, ठिक छ, त्यहाँ विशाल संख्या हुनेछ!" तर तिनीहरुलाई तानेर ल्याउनको लागि पनि उँहासंग छ हजार वर्ष थियो। याद गर्नुहोस्, पुनरुत्थान आउनेछ र हामी तिनीहरुसंग उठाईलानेछौ। केवल केहि थोरै मात्र, बुझ्नुभयो। तपाईले आफ्नो मुक्ति चाडो खोजीहाल्नुहोस्। आफैतर्फ हेर्नुहोस् र के गलत गईरहेको छ हेर्नुहोस्। बुझ्नुभयो? हेर्नुहोस् कि के भईरहेको छ। म जान्दछु कि त्यो—त्यो कठिन छ, तर, भाई, त्यो नै सत्य हो। यो परमेश्वरको सत्यता हो। अभिग्रहण।

83 हामीहरु परमेश्वरको लागि यति ज्वलन्त हुनुपर्छ, हामी दिन र रातमा गईरहनुपर्छ। केहि कुराले पनि हामीलाई रोक्न सक्नुहुन्न, र हामी यति मिठो र खुसी हुनुपर्छ, र यति दयालु र यति ख्रीष्ट जस्तो हुनुपर्दछ। यसले हाम्रो दैनिक जीवन लिदछ। येशूले भन्नुभयो, "मैदानको लिली फूललाई हेर, कसरी त्यो हुर्किन्छन्, तिनले न् परिश्रम गर्दछन्, न धागो काट्छन्। तर पनि म तिमीहरुलाई भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरुमध्ये एउटा जति आभूशित थिएनन्।" सोलोमनसंग सुन्दर रेशमको र सिलाईको कार्य गरेको सुन्दर पोशाक थियो, तर त्यसले...तर त्यसको बारेमा थिएन उहाले कुरा गरिरहेको थियो। लिलीलाई हुर्किनको लागि, त्यसले दुवै दिन र रात नै संघर्ष गर्नु पर्छ। तपाई यहाँ के को लागि आउन चाहनुहुन्छ यो पंक्तिको सानो समाप्तिमा? यदि धार्मिक नै मुश्किलले बाच्छ भने, पापीहरु (जो अविश्वासीहरु हुन्) र अधर्मीहरु कहाँ हुनेछन् होला, त्यस व्यक्ति जसले वचन सुन्दछ र त्यसबाट टाढा भाग्दछ? अब हामी के गर्न जादैछौ? बुझ्नुभयो? अब...

84 अब यो, यो हाम्रो मण्डली हो। हाम्रो माझमा चार या पाँच अन्जानहरु छन्। तर यो मण्डली हो, म तपाईलाई शिक्षा दिदैछु। यो टेपहरुमा जानेछ। म ती टेपहरु सुन्ने मानिसहरुले यो याद गरेको चाहन्छु, यो कुराहरु मेरो मण्डलीको लागि भनिएको हो। बाहिर रहनुभएको जो मानिसहरुको

माझमा हुनुहुन्छ, तिनीहरुलाई भन्नको निम्ति भलाद्मी बन्ने कोशिष गर्नुहोस्, एकप्रकारले त्यसरी रहने गर्नुस् जहाँ साना शिशु तिनीहरु सानो दूधको ज्ञानमा रहनेगर्छ। तर जब वास्तवमै सत्यलाई हाल्न पर्ने समय आउछ, तब जग हालौ।

85 अभिग्रहण, पदिय रूपमा स्थापित गर्दै! ती कहाँ छन्? मलाई देखाउनुस् ती कहाँ छन्। परमेश्वरले आफ्ना सन्तानलाई अलग्गै प्रकट गरी बोलाउनुभयो। तिनीहरुसंग यसको विषयमा बोल्नको लागि एउटा शब्द पनि छैन, तपाईले केहि भईरहेको देख्नुहुन्छ। उहाको पुत्रहरुलाई पदिय ढंगमा स्थापित गर्दै हुनुहुन्छ, त्यहि कुराले वास्तवमै क्रमवद्ध रूपले राख्दै हुनुहुन्छ। उहा—उहा जत्ति अधिकारमा छ, उहाको वचन जत्ति प्रधान स्वर्गदुतको छ, उत्तम छ। पुत्रलाई अभिग्रहण गरियो, उच्च स्थानमा राखियो, त्यहाँ बसालियो, उसको पोशाक बदलियो, उसको रंग बदलियो। पिताको एउटा समारोह भएको थियो, भन्नुभयो, "यो मेरो पुत्र हो, आज देखि उप्रान्त यो शासक हो। उ नै शासक हो। उ नै सम्पूर्ण रूपमा मेरो सम्पदा हो। म संग भएको सबै उसको हो।" त्यो सहि हो। तब हामी उही एला, एला, एलोहिम, एलोहिम, बुझ्नुभयो, जहाँ उँहा स्व–अस्तित्वमा हुनुहुन्छ। र तब यहोवाबाट फर्केर आउछ जसले केहि बनाउनुभयो, उँहाले मानिसलाई पृथ्वीको प्रभुत्व दिनुभयो। हामीले के को लागि पर्खिरहेका छौ? प्रकटिकारण। पृथ्वीले उत्कण्ठा गरिरहेको छ। आउनुहोस् तल गएर यसलाई पढौ। ठिक छ।

> *...उँहाको इच्छाको लक्ष्य अनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उँहाले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो,*
>
> *उँहाको महिममय अनुग्रहको प्रशंसा होस्...*

86 उँहाको अनुग्रह के हो? धेरै अगाडि जब उँहा एउटा पिता हुनुहुन्न थियो; उँहाको अनुग्रह, उँहाको प्रेम, आफैलाई उएता बालक बनाउनुभयो, ताकि हामी उहाको सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभयो, उँहाको अनुग्रहलाई प्रशंसा गर्नलाई। बुझ्नुभयो?

> *...जहाँ उहाले हामीलाई प्रियबाट* (एउटा व्यक्ति) *ग्रहणयोग्य बनाउनुभएको छ,* जो ख्रीष्ट हुनुहुन्छ।

87 हामीलाई ग्रहण योग्य बनाउनुभयो, कसरी? उँहाद्वारा। हामी कसरी उँहामा हुनसक्छौ? एकै आत्माद्वारा, सबैजना उँहामा बप्तिष्मा भएका छौ। सुन्नुहोस्।

*जसमा नै हाम्रो उद्धार छ, उँहाको रगतद्वारा नै हामीमा उद्धार छ,* पापहरुको *क्षमा छ...*

88 कसरी तपाईले पूर्वनियुक्त प्रचार गर्नसक्नुहुन्छ, परमेश्वरको पूर्वनियुक्त र उँहाको कार्य, जबसम्म कहिँ एउटा पापको प्रायश्चित हुदैन? किन यो हो? हरेक दिन तपाईले गल्ति गर्नुहुन्छ, हरेक दिन तपाईले खराब कार्य गर्नुहुन्छ। तर यदि तपाईको नया जन्म भएको हो भने, पुरुष होस् या महिला, जसै तपाईले गल्ति गर्नुहुन्छ, परमेश्वरले जान्नुहुन्छ कि तपाई त्यसको निम्ति क्षमाप्रार्थी हुनुहुन्छ। तपाई राष्ट्रपति रूजभेल्टको अगाडि उभिनुहुन्छ र या त्यस्तै व्यक्तिको अगाडि उभिएर भन्नुहुन्छ, “म गलत छु, परमेश्वर मलाई यसको निम्ति क्षमा दिनुहोस्।” किन? र त्यहाँ त्यो छ जहाँ रगतको प्रायश्चित छ...

89 तपाईले यो ध्यान दिनुभयो, “पाप।” एउटा पापी पापी हो, उसले पाप गर्दैन। तर मण्डलीले आप गर्छ, गल्ति गर्छ, एउटा गलत विचार लिन्छ, गलत प्रभाव, संकोच, एउटा सानो बच्चाको जस्तै लडखाडाउने चालमा हिड्दै, कसरी हिड्ने भनि कोशिष गर्छ। उसले केवल अहिले सम्म राम्ररी कसरी हिड्ने भनि जानेको छैन किनभने उ एउटा सानो केटा हो। तर हामीसंग त्यो हात छ जसले सहारा दिन तल ल्याउदछ यदि हामी... हामीकहाँ आउनुहुन्छ र स्थिर पार्नुहुन्छ, र भन्नुहुन्छ, “यो कदम *यसरी* गर छोरा।” उँहाले हामीलाई उठाएर एउटा गल्ति गरेकै कारणले हामीलाई केवल थप्पड हान्नुहुन्न, हामी हिड्न खोजेको कारणले उँहाले हामीलाई मर्ने गरी पिट्नुहुन्न। उँहाले हामीलाई त्यसरी नै प्रेम गर्नुहुन्छ जसरी हामीले हाम्रा छोराछोरीलाई प्रेम गर्छौं।

90 एउटा सच्चा, सच्चा बुवाले आफ्नो बच्चाले हिड्न कोषिश गरेको कारणले यदि उ भुइँमा लड्यो भने पिट्ने गर्दैन। ठिक तल थूओलो बलियो हात ल्याएर उसलाई उठाउछ, दुइटै हातले उसलाई स्थिर राख्छ, भन्नुहुन्छ, “यस तरिकाले गर्ने हो, छोरा। *यसरी* हिड।”

91 त्यो तरिकामा परमेश्वरले आफ्नो मण्डली संग गर्नुहुन्छ! तल आउनुहुन्छ र आफ्नो बाहुलीमा राख्नुहुन्छ, उठाउनुहुन्छ र भन्नुहुन्छ, “*यसरी* हिड

छोरा। यहाँ, यो—यो—यो त्यसरी नभन, *यसरी* बोल। अब मण्डलीले के भन्छ मलाई त्यसको वास्ता भएन, *यसले* के भन्छ, *त्यसले* के भन्छ, तिमीले *यसरी* भन्नुपर्छ। *यसरी*, यहि नै हो! यदि मेरो वचनले यो प्रचार गर्छ भने, तिमी ठिक त्यसैमा बस, त्यसैसंग हिड। ठिक त्यसैमा बस। सबै जनाले के भन्छ त्यसलाई वास्ता नगर, ठिक यसैसंग बस।*यसरी* हिड। यो तरिकामा हो तिमीले हिड्ने।"

92 हाम्रा पापहरु: हाम्रा पापको निम्ति प्रायश्चितको प्रेम थियो, नभए हामीमा कहिल्यै पनि मौका हुनेथिएन। हामी त्यहि वचनमा ढुक्कसंग भरोसा गर्नसक्छौ!

> *...उँहाको अपार अनुग्रह अनुसार ख्रीष्टको रगतद्वारा हामी उँहामा उद्धार, हाम्रा पापको क्षमा, पाउछौ,*
>
> *जुन अनुग्रह उँहाले हामीलाई प्रशस्त मात्रामा दिनुभयो...*

93 "प्रशस्त" को अर्थ के हो? ओ, प्रभु! जहाँ उँहाले प्रशस्त, "त्यसको अध्याधिक मात्रामा।"

> *...उँहाले हामीलाई प्रशस्त मात्रामा सम्पूर्ण बुद्धि र आन्तरिक समझमा...*

94 "बुद्धि, सम्पूर्ण बुद्धि उँहाले हामीमा प्रशस्त मात्रामा राख्नुभएको छ।" सबै "बुद्धि," द्वारा, संसारिक बुद्धि होइन। संसारको बुद्धि उँहाको लागि मूर्खता हो, र परमेश्वरको बुद्धि संसारको लागि मूर्खता हो। ठिक दिन र रात जस्तो, एउटा अर्को संग सहमत हुनसक्दैन। तर जब सूर्य उदाउन थाल्छ र दिनको समय आउँछ, रात हराउदै जान्छ। र जब सुसमाचारको उज्यालो आउन थाल्छ, संसारको सबै कुरा विलाउदै जान्छ। र त्यसले के गर्छ? उँहाले उँहाको सन्तानमा प्रशस्त घामको ज्योति दिनुहुन्छ, आत्मामा भएर हिडि, परमेश्वरको आत्माद्वारा अगुवाई भई, उँहाको अनुग्रहमा प्रशस्तता दिई, सबै ज्ञान र बुद्धिका साथ, समझ, र कसरी हिड्ने त्यसमा कुशाग्रसाथ। तपाईले यो गलत हो भनि देख्नुहुन्छ, त्यसो हो भने तपाईले के गर्दै हुनुहुन्छ त्यसमा होसियार हुनुहोस्, कसरी तपाई...यदि त्यो गलत हो भने, तपाई त्यस तर्फ कसरी बढ्दै हुनुहुन्छ त्यसमा समेत होसियार हुनुहोस्। होसियार! एकदम ध्यान दिनुहोस्, वास्तवमै पक्का हुनुहोस् तपाई त्यसमा कसरी अगि बढ्दै हुनुहुन्छ। सर्प जस्तो धूर्त, ढुकुर जस्तो सोजो हुनुस्। त्यहि नै हो जुन येशूले भन्नुभयो।

95 ओ, यी टुक्डाहरु हुन्, मित्रहरु! हामी केवल यसमा दिन पछि दिन पनि कुरा गर्नसक्छौ। के ती अद्भूत छैनन्? बुद्धि, विवेक, उँहाले हामीलाई प्रशस्त मात्रामा दिनुभयो, खन्याउनुभयो! हामीलाई एउटा चम्चाको जति दिनुभएन, तर एउटा ठूलो शाभेल लिनुभयो र त्यसबाट दिईरहनुभयो। हामीमा प्रशस्त मात्रामा, उँहाको अनुग्रहको विवेक र बुद्धि दिनुभयो! ओ, अद्भूत अनुग्रह, कति मिठो ध्वनि हो!

*अब ...उँहाले हामीलाई प्रशस्त मात्रामा सम्पूर्ण बुद्धि र आन्तरिक समझमा...*

*ख्रीष्टमा राख्नुभएको उदेश्य अनुसार उँहाले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ...*

96 उँहा को संग बोल्दै हुनुहुन्छ? धार्मिक संगठित संस्था हरु संग? कृपया, भाईहरु, यो नसोच्नुहोस् कि मैले तपाईको धार्मिक संगठित संस्थालाई निच बनाईरहेको छ, मैले त्यसो गरेको होइन। म तपाईलाई यो भन्ने कोषिस गर्दैछु कि त्यो थाल्नको लागि नै गलत कुरा थियो। येशूले भन्नुभयो, "जाओ र सुसमाचार सुनाओ," हामी गयौ र धार्मिक संगठित संस्था बनायौ। त्यहि कारणले गर्दा नै हो हामीले त्यो पाएका छैनौ, हामी मानिसको बुद्धिको पछाडि हिडिरहेका छौ। यदि क्यल्भिन उठ्नसके त!

97 किन, धेरै समय भएको छैन म एकदिन महान् मान्छेको चिहानमा गएको थिए, एउटा महान् सुधारक। र मैले सोचे, कति महान् व्यक्ति थिए उनी! उनी! ठिक छ, यो...म गर्दिन...त्यो जोन वेस्ली हुनुहुन्थ्यो। र मैले सोचे, यदि जोन वेस्ली यो चिहानबाट आज उठेर मण्डलीको अवस्था हेरे भने, उनी आफ्नो नाउँमा शर्म मान्थे। जोन वेस्ली एउटा धार्मिक मानिस थिए, तेजतर्रार व्यक्ति, जस्तो उनले भन्ने गर्थे। जोन वेस्ली एउटा पवित्र व्यक्ति थिए जसले परमेश्वरमा विश्वास गर्दथे, र उँहाको पछि कदम पछि कदम गरी हिड्थे। तर जोनको मृत्यु भए पश्चात, तिनीहरुले भने, "हामीहरु जोनको लागि मण्डली बनाउछौ ताकि हाम्रो लागि एउटा मण्डली हुनेछ, र आज हामीले त्यसलाई मेथोडिष्ट मण्डली भन्छौ, उनको पवित्रीकरणको तरिकाको कारणले जहाँ पवित्रीकरण अनुग्रहको एउटा दोश्रो कार्य हो।"

98 त्यसपछि तिनीहरुले एउटा मण्डली बनाई, र आज ती मानिसहरुले सबै कुरालाई नकार्छन् जसको निम्ति जोन वेस्ली खडा भएका थिए। जोन वेस्लीले दिव्य चंगाईलाई प्रचार गरेका थिए। जोन वेस्लीले पवित्र

आत्माको बप्तिष्मालाई विश्वास गरेका थिए। जोन वेस्लीले सबै वरदानको पूनस्थापनालाई विश्वास गरेका थिए। जोन वेस्ली, मार्टिन लुथर, धेरै ती महान् व्यक्तिहरुले अन्यभाषाहरुमा बोलेर उल्था गरेका थिए। र, आज, तपाई मेथोडिष्ट मण्डली या एउटा लुथरन मण्डलीमा अन्यभाषाहरुमा बोल्नुहुन्छ, तिनीहरुले तपाईलाई ढोकाबाट बाहिर निकालीदिन्छन्। के भयो? ठिक त्यो समयमा जब हामीले पुत्रहरुलाई स्थापित गर्न पर्ने, के भएको? तिनीहरुले अरुनै कुनै कुरा अपनाएका छन्, किनभने तिनीहरुलाई परमेश्वरको रहस्य नै थाहा छैन। र तिनीहरुले कहिल्यै पनि सेमिनारीहरु बाट जान्नेछैनन्!

99 तपाई निम्ति म केहि कुरा पढ्नेछु। के यो ठिक छ? ठिक छ। आउनुहोस् हामी पल्टाऔ, मैले केहि कुरा यहाँ लेखेर ल्याएको छु। आउनुहोस् हेरौ कसरी पावलले...अब, यहां, यहाँ यो संदेशको शिक्षक हुनुहुन्छ। आउनुहोस् प्रेरित ९:५ मा जाऔ, केवल एक मिनेट। सुन्नुहोस् पावलले कसरी यो प्रकास पाए, जे पनि भयो। अब, प्रेरित ९ मा हामी पढ्न शुरू गर्नेछौ, यसरी। यो आईतबारे कक्षा हो, त्यसैले किन यसलाई नपढ्ने? मलाई थाहा दिनुहोस् जब म समय नाघ्न थाले भने...?...

> *र शाऊल प्रभुका चेलाहरु विरुद्धमा...* (ओ, त्यो सानो चुच्चो नाक भएको, रिसाहा, मतलबी यहूदी!) *अझ पनि धम्कि र हत्याको धुनमा प्रधान पूजाहरीकहाँ गए...*
>
> *जसलाई फेला पारे पनि तिनीहरुलाई बाँधेर यरूशलेम ल्याउन पाउँ भनि दमास्कसका सभाघरहरुको नाउँमा पुर्जी मागे।*

100 "म जानेछु र तिनीहरुलाई खोज्नेछु! यदि मैले तिनीहरुलाई भेट्टाए मात्र भने, त्यो केटालाई, म तिनीहरुलाई के गर्नेछु! बुझ्नुभयो, यदि मैले तिनीहरुलाई भेट्टाउन पाए मात्रै पनि हुन्थ्यो!" तर उनी पूर्व नियुक्त भएको थियो।

101 तपाईलाई कसरी थाहा भयो कि यो तलको बुढो मद्ध तस्कर पूर्वनियुक्त नभएको जीवन हो भनि? कसरी तपाईलाई थाहा छ कि त्यो बुढो सडकमा हिड्ने व्यक्ति जो संग तपाई बोल्न समेत हुन्न, तपाईलाई कसरी थाहा भयो र त्यो एउटा सानो हात मिलाई र मण्डली आउनको निम्ति दिएको निमन्त्रणाले उनी भित्रबाट एउटा परमेश्वरको सन्त बन्न दिदैन त्यो परको महिमामा? जब...तपाईलाई कसरी थाहा भयो कि उनी त्यस्तो हुन सक्दिनन्? त्यो नै

हो जुन हामीलाई थाहा छैन। तर त्यो हाम्रो कर्तव्य हो। जसरी माझिले एउटा जालो समुन्द्रमा फ़ाल्छ र त्यसलाई तान्छ, उसले भ्यागुतो पनि ल्याउछ, माछा, छेपारो, पानी माकुरा, र त्यस्तै सबै कुरा ल्याउछ, तर ती मध्ये केहि माछा हुन्छन्। उनलाई थाहा थिएन, उसले त केवल आफ्नो जालो फ्याल्यो। त्यहि नै हामीले पनि गर्छौं। पावललाई ध्यान दिनुहोस्।

*जसलाई फेला पारे पनि तिनीहरुलाई बाँधेर यरूशलेम ल्याउन पाउँ भनि दमास्कसका सभाघरहरुको नाउँमा पुर्जी मागे।* (भाई, उनी वास्तवमै कठोर थिए)

*...जब शाऊल यात्रा गर्दै दमास्कसको नजिक पुगे, अचानक स्वर्गबाट एउटा ज्योति उनको वरपर चम्क्यो...*

102 त्यहाँ एउटा सडकमा एउटा पूजाहारी आए, डक्टर एफ.एफ जोन्स, र उनलाई भन्यो, "के तिमीलाई सेमिनारीको अनुभव चाहिन्छ अहिले, छोरा, र म विश्वास गर्छु कि परमेश्वरले तपाईलाई प्रयोग गर्नसक्नुहुन्छ?" के त्यो डरलाग्दो देखिने धर्मशास्त्र हुदैन, त्यो त्यसरी पढ्नको लागि? अब, त्यो उत्तिकै अर्थ लाग्छ...मैले यो एउटा चुटकिलाको लागि भनिरहेको छुइन। त्यो उत्तिकै अर्थ लाग्छ जत्ति आज हामीले यसबाट निकाल्छौ। "तपाईलाई थाहा छ, तपाईको आमा एउटा असल श्रीमती हुनुहुन्थ्यो, म विश्वास गर्छु कि तपाई एउटा असल प्रचारक बन्न सक्नुहुनेछ।" हेर्नुहोस् के भयो।

*जब शाऊल यात्रा गर्दै दमास्कसको नजिक पुगे, अचानक स्वर्गबाट एउटा ज्योति उनको वरपर चम्क्यो...* (ह्यु, अलौकिक शुरू भयो) *...स्वर्गबाट एउटा ज्योति...*

*तिनी भुइँमा लोटे र तिनले यसो भन्ने स्वोर सुने, "शाऊल, शाऊल, तिमी किन मलाई सताउछौ?"*

*तिनले भने, "प्रभु, तपाई को हुनुहुन्छ?" अनि उँहाले भन्नुभयो, "म येशू हुँ, जसलाई तिमी सताउदैछौ।*

*तर उठेर सहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताईनेछ।"*

103 र मानिसहरु उनीसंगै यात्रा गरे, र तिनीसंगै गए, र तिनीहरु एउटा मानिसलाई भेटे। तल त्यहाँ हनानियाले एउटा दर्शन देखेका थिए। सबै अलौकिक थियो! र शाऊल, त्यो मतलवी केटा! यो हनानियाले एउटा

दर्शन देखे, उनले आफ्नो घरमा हेरे। उनी एउटा अगमवक्ता थिए, आफ्नो घरमा प्रार्थना गरिरहेका थिए, र उनले एउटा दर्शन देखे। उनले...परमप्रभुले उनी संग बोल्नुभयो र भन्नुभयो, "त्यहाँ एउटा मान्छे आईरहेको छ तल, चमेरो जस्तै अन्धो भएको छ, र उसको नाउँ शाऊल हो, उनी टार्सिसको शाऊल हुन्।"

104 उनले भने, "प्रभु, मैले ठूलो कुराहरु सुनेको छु। मलाई त्यहाँ नपठाउनुहोस्, म एउटा सानो मान्छे हुन्। मलाई उसको पछाडि नपठाउनुहोस्।"

105 उँहाले भन्नुभयो, "तर, साहस गर, तल सडकमा त्यो आउदै गर्दा, मैले त्यसलाई एउटा दर्शन देखाएको छु। म त्यसकहाँ आगोको खामो भएर देखा परेको थिए। मैले त्यसलाई अन्धो पारेको छु। र मैले त्यसलाई केहि बनाउनुभन्दा अगि अन्धो पार्नुपर्थ्यो र टुक्राउनुपर्थ्यो। बुझ्नुभयो, मैले मेरो सबै थियोलोजी टुक्राउनुपर्ने थियो। तपाइलाई थाहा छ, उनी—उनी—उनी ती मण्डलीहरु मध्येको एउटा महान् व्यक्ति हुन्। उनीईसंग सबै थरिको विद्यावारिधि थियो, उनले आफैलाई केहिमा निखार्न पर्ने थिएन, तर," उँहाले भन्नुभयो कि, "मैले गर्न पर्ने यो थियो कि त्यस बाट सबै थोक निकाल्न पर्नेथियो।"

106 त्यहि नै कुरा हो। उसमा अझै धेरै कुरा हाल्न पर्ने नभएर उसबाट धेरै कुरा निकाल्न पर्नेथियो। मलाई लाग्छ त्यहि ले नै समस्या गरेको छ आजका धेरै धर्मप्रचारकहरुमा; तपाईबाट निकाल्नु पर्नेछ, र जहाँ परमेश्वरले तिनीहरुमा पवित्र आत्मा हाल्न सक्नुहुनेछ। निकाल्नुपर्नेछ! त्यहाँ, उँहाले भन्नुभयो उँहा...

107 र उनले भने, "प्रभु, तर यो—यो—तर यो मानिस त एउटा कठोर मान्छे हो।"

108 उँहाले भन्नुभयो, "तर, साहस गर्, त्यसले प्रार्थना गरेको छ। अब, त कुनै निश्चित सडकबाट भएर जानेछस् र त एउटा झर्ना भएको ठाउमा आईपुग्नेछस्। र तैले त्यो झर्नालाई नागेर देब्रेपट्टि जा, र त तल जा। त्यहाँ एउटा सेता घर हुन्छ, त्यहाँ जा र ढोकामा ढकढक्या। त्यो त्यहि भवनमा लेटिरहेको छ, त्यहि नै हो उनलाई टाढाभन्दा टाढा तिनीहरुले लानसकेको। त्यसमाथि आफ्नो हात राख्, तल दमास्कसको नदिमा त्यसलाई लैजा र येशूको नाउँमा बप्तिष्मा दे। किनकि, म तलाई भन्नेछु म के गर्न जानेछु भनि,

त्यसले मेरो लागि धेरै दुख भोग्न जानेछ, किनकि त्यो नै अन्यजातिहरुको निम्ति मेरो सुसमाचार बाहक हो।" आमेन!

109 "ठिक छ, अब, एक छिन पर्खनुहोस् प्रभु! अब, कुन विद्यालयको लागि म उसलाई सल्लाह दिऊ?" म तपाईलाई भन्नेछु के गर्ने, गलाती पढौ र पत्ता लगाऔ। ठिक यसको पछाडिको अर्को अध्याय। आउनुहोस् गलाती १ हेरौ, र १० औ पदबाट शुरू गरौ, र हेरौ कुन विद्यालयमा पावल गएका थिए, कुन सेमिनारी, र कसको हात ऊ माथि राखिएको थियो, र, ओ, ती सबै के भयो। गलाती १ अध्याय। समय बचाउनको निम्ति, उनको संवादबाट शुरू गरौ, १० औ पद।

*के म मानिसहरुको निगाह खोज्दैछु, कि परमेश्वरको? अथवा के मैले मानसिहरुलाई खुसी पार्न खोज्दैछु? यदि मैले अझै मानिसहरुलाई खुसी पार्न कोशिष गरेको भए म ख्रीष्टको दास हुनेथिएन।*

110 ओ, प्रभु, प्रभु, प्रभु! म यसको अगाडि केहि भन्न चाहन्छु यहाँ। गलाती १, ८ औ अध्याय लिऔ। कतिजना लाई थाहा छ कि पावल नै त्यो व्यक्ति थियो जसले मानिसहरुलाई येशूको नाउँमा फेरी बप्तिष्मा दिलाएका थिए, प्रेरित १९ मा? पक्कै थाहा थियो। केहि त्यसको माथि लीऔ यहाँ, ८ औ—८ औ पद।

*...हामीले प्रचार गरेका सुसमाचारको विपरित हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गर्यो भने पनि त्यो व्यक्ति श्रापित होस्।*

111 यो सुसमाचार तपाईले कहाँ पाउनुहुन्छ, पावल? ९ औ पद।

*...हामीले अघि देखि नै भनेजस्तै म फेरी अहिले पनि भन्दछु, तिमीहरुले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरित अरु कसैले तिमीरुलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस्।*

112 यदि त्यो प्रधान स्वर्गदूत भएता पनि, यदि त्यो एउटा बिशप भए तापनि, यदि उ सर्वाधिकारी अध्यक्ष भएता पनि, यदि उ *फलनो-फलानो* डक्टर भएता पनि, त्यो जो सुकै हो, यदि उसले पानीको बप्तिष्मा येशूको ख्रीष्टको नाउँमा प्रचार गर्दैन भने, वरदानहरुको पुनर्स्थापनाको प्रचार गर्दैन, ख्रीष्टको आगमनलाई गर्दैन, यी सबै कुराहरु, त्यो मानिस श्रापित भएको होस्! यदि त्यसले यहाँ भएको कुनै पनि वचन निकाल्न खोज्यो भने र त्यो अर्को दिनको

लागि थियो भन्छ र कुनै नया भ्रमयुक्त धारणामा स्थापित गर्छ जुन त्यसले कुनै सेमिनारीबाट सिकेर आएको छ, त्यो श्रापित भएको होस्।

113 आउनुहोस् पढ्दै जाऔं, हेर्नुहोस् पावलले यो कसरी पाए, हेर्नुहोस् कसरी, म तपाई यस बिहानीमा के भन्न चाहदैछु।

*के म मानिसहरुको निगाह खोज्दैछु, कि परमेश्वरको? अथवा के मैले मानसिहरुलाई खुसी पार्न खोज्दैछु? यदि मैले अझै मानिसहरुलाई खुसी पार्न कोशिष गरेको भए म ख्रीष्टको दास हुनेथिएन।*

114 अरु कुनै कुरा म कसरी अपेक्षा गर्न सक्छु, कसरी त्यो व्यक्ति जसले परमेश्वरलाई प्रेम गर्छ, र एउटा प्रचारक हो, विशेष गरी, अरु कुनै कुरा नगरेर मानिसबाट घृणित हुने चाहना गर्छ? मानिसहरुले तपाईलाई घृणा गर्नेछ। ठिक छ, तिनीहरुले भन्छन्...येशूले भन्नुभयो, “यदि तिनीहरुले मलाई घरको मालिक भन्छन्...म मालिक हुँ, तिमीहरु सबैभन्दा महान्। म नै हुँ जसले धेरै आश्चर्यको कार्य प्रदर्शन गर्नसक्छ र तिमीहरु भन्दा बढि पवित्र आत्माको कार्य गर्नसक्छु, किनकि म मा सबै परीपूर्णता छ। र यदि तिनीहरुले मलाई ‘बालजिबुल,’ भन्छ भने कति धेरै तिनीहरुले तिमीहरुलाई भन्नेछन्? तर,” भन्नुभयो, “तिमीले के भन्नेछौ त्यसमा विचार नगर, किनभने त्यो तिमी हुनेछैनौ जो बोल्नेछ, त्यो पिता हुनुहुनेछ जो तिमीहरु भित्र वास गर्नुहुन्छ, त्यो समयमा बोल्ने गर। ठिक वचनसंग नै बसिरह।” र उनी, जब उँहा पुस्तक लेख बाट भएर जादैथिए, उँहाले भन्नुभयो, “कुनै मानिसले एउटा पनि शब्द यस पुस्तक बाट निकाल्यो या एउटा शब्द थप्यो भने, त्यो जीवनको पुस्तकबाट निकालिनेछ।” परमेश्वर हामीलाई यस अनुसार सहि बस्न सहायता गर्नुहोस्!

115 अब अर्को पद, अब म पढ्नेछु, चाडो पढ्नेछु।

*भाई हो, तिमीहरुले यो जान भन्ने म चाहन्छु...* जसले तपाईलाई न्यायमा लान्छ, *कि मैले प्रचार गरेको सुसमाचार मानिसको सुसमाचार होइन।*

अब, म न त मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्विटेरियन, या पेन्टिकोष्टल नै हुँ; यो मानिसबाट होइन, न त...

*किनकि मैले यो कुनै मानिसबाट पाएको होइन, न मलाई यो सिकाईएको थियो...*

116 “मैले यो कहिल्यै मानिसबाट, कुनै सेमिनारी, कुनै डक्टर, कुनै दिव्यता, विद्याको विद्यालयबाट पाएको होइन। मैले कहिल्यै त्यसरी पाईन, मैले कहिल्यै त्यसरी सिकाईन, मैले कहिल्यै त्यसरी भेट्टाईन, यो त्यो तरिकामा म कहाँ कहिल्यै आएन।” त्यसो भए यो कसरी आयो त, पावल?

*...तर येशू ख्रीष्टको प्रकासद्वारा मैले यो पाएको हुँ।*

117 “जब ख्रीष्ट आफैले ममा आफैलाई प्रकाश गर्नुभयो, कि उँहा परमेश्वरको पुत्र हुनुहुन्छ, जब आगोको खामो त्यस दिन मकहाँ आयो, ‘मैले भने, तपाई को हुनुहुन्छ प्रभु?’ उहाले भन्नुभयो, ‘म येशू हुँ।’”

118 अब, म तपाईलाई उनलाई के भयो भनि। अब, यदि कुनै व्यक्तिले अनुभव गरेको छ भने, तिनीहरुले उनलाई दस वर्षसम्म ग्रीक सिक्नलाई दिए भने, र केहि अर्को कुरा सिक्नको लागि अझै दस वर्ष दियो भने, र त्यतिन्जेलसम्म उ गैसकेको भए। हेर्नुहोस्।

*...मैले यो कुनै मानिसबाट पाएको होइन, न मलाई यो सिकाईएको थियो, तर येशू ख्रीष्टको प्रकाशद्वारा मैले यो पाएको हुँ।*

यहूदी *धर्ममा छदा मेरो अघिको जीवनको* विषयमा *तिमीहरुले सुनेका छौ,...*

119 “म एउटा ठुलो डक्टर थिए, केटा। म संग त्यो थियो।” उनलाई गमालिएलले शिक्षा दिएका थिए, सर्वच्च शिक्षक हो त्यस भूमीमा थियो। कति जनालाई थाहा छ कि गमालिएल महान् मध्येको पनि महान् थिए? हो, श्रीमान्। “मेरो यहूदी धर्म, केटा, मसंग त्यो थियो; मलाई सबै थाहा छ कसरी प्रेरितको शिक्षा भन्ने र ती सबै कुरा थाहा छ, तपाई बुझ्दैनुहुन्छ। मलाई बिहानको सबै प्रार्थनाहरु र मानिसलाई आशिष दिने हरेक कुराहरु थाहा छ।” बुझ्नुभयो?

*...कसरी मैले परमेश्वरको मण्डलीलाई भयानक रूपले सताए, र त्यसलाई नाश गर्न खोजेँ...* कसरी मैले ती पवित्र भनाउदाहरुको झुण्डलाई रोक्न खोजे! बुझ्नुभयो? बुझ्नुभयो?

*हाम्रा जातिमा, मेरा दौंतरकाहरु धेरैलाई उछिनेर म यहूदी धर्ममा अगि बढेको थिएँ*

120 “म एउटा महान् व्यक्ति थिए। केटा, म वास्तवमै...मैले उछिनेको थिए, मैले तिनीहरुलाई मार्न सक्छु भनेर देखाएको थिए, ‘किनकि मैले स्तफानस मारेको थिए र धेरै अन्य कुराहरु गरेको थिए। हेर मैले कसरी गरेको थिए!” कसरी उनले त्यति बिधि सताएका थिए!

*हाम्रा जातिमा, मेरा दौँतरकाहरु धेरैलाई उछिनेर म* यहूदी *धर्ममा अगि बढेको थिएँ, र मेरा* पिता–पुर्खाको परम्परामा *म ज्यादै जोशिलो थिएँ।*

121 अब, याद गर्नुहोस्, परमेश्वरको वचन होइन, “पिता–पुर्खाको परम्परा” मण्डलीको परम्परा, अर्को शब्दमा भन्दा। “मलाई लाग्छ म भित्रैबाट मेथोडिष्ट, म भित्रैबाट ब्याप्टिष्ट थिए, म भित्रैबाट पेन्टिकोष्टल थिए।” ओ, के तपाई थियो? म भित्रै बाट परमेश्वर हुन चाहन्थे। हो। त्यहि नै हो। बुझ्नुभयो? ठिक छ।

*...पिता–पुर्खाको परम्परामा म ज्यादै जोशिलो थिएँ...*

*तर जब उहाको खुसी अनुसार* (ओ पावल, यहानिर तिमी आयौ) *...तर मेरो जन्म हुन अघि नै मलाई अलग गर्नुहुने, र आफ्नो अनुग्रहद्वारा मलाई बोलाउनुहुने परमेश्वरलाई*

*...उहाको पुत्र ममा प्रकट गर्नको निम्ति...*

122 त्यो कसरी हो? “पवित्र आत्मा जो म भित्र हुनुहुन्छ! परमेश्वरको आफ्नो खुसीका साथ, जसले मलाई गर्भमा नै अलग गर्नुभयो, र पुत्र दिनुभयो, जो पवित्र आत्मा हुनुहुन्छ आत्माको रूपमा म भित्र, आफैलाई ममा प्रकट गर्नको लागि।” ओ, प्रभु! ह्यु! म—म—म लाग्छ म थोरै चिच्याउना चाहन्छु।

123 हेर्नुहोस्, तपाईलाई म भन्नेछु, भाई। जब यसले परमेश्वरलाई खुसी तुल्यायो! ओ, हाल्लेलुयाह! जब यसले परमेश्वरलाई रिझायो! एउटा जडिया पिता। एउटा आमा...तपाईलाई परमेश्वरले आशिष दिनुभएको होस् आमा, म तपाईको विरुद्धमा केहि पनि भनिरहेको छुइन। तर एउटा आमा जसले परमेश्वरको बारेमा त्यति केहि पनि जान्दैन जति एउटा खरायोले बरफले बनेको जुत्ताको बारेमा जानेको हुन्छ। र एउटा पिता जो सडकमा मातेर लडिरहेको हुन्छ। र विद्यालय जानको लागि एउटा जुत्ता पनि थिए, र मेरो घाटिसम्म लामो कपाल थियो, र सबैले मलाई घृणा गर्थे किनकि म यहाँनिर इन्डियानाको एउटा केन्टकी बासी थिए। र कसरी, ओ, त्यो केवल एउटा गन्हाउने दृश्य थियो। तर त्यसले परमेश्वरलाई खुसी भनायो! आमेन!

यसले परमेश्वरलाई खुसी बनायो, जसले मलाई मेरी आमाको गर्भ देखि नै अलग पार्नुभयो, उँहा जसले आफ्नो पुत्रलाई ममा प्रकट गर्नुभयो, वचनको सेवक बनाएर, जो ठिक त्यसमा सिधा भई बस्छ, जसले दर्शन र चिन्हहरु, आश्चर्यकर्म र चमत्कारहरु देखाउनुहुन्छ। र, ओ, प्रभु!

124 हेर्नुहोस् उनले केको बारेमा कुरा गर्दै थिए? त्यसो गर्नको लागि त्यसले परमेश्वरलाई खुसी बनायो! कसरी? ध्यान दिएर सुन्नुहोस्। "फेरी..." अब १६औ पद लिनुहोस्।

*जब अन्यजातिहरुका बीचमा उहाँको प्रचार गर्नलाई आफ्ना पुत्र ममा प्रकट गराउन उहाँलाई खुसी लाग्यो, तब मैले कुनै मानिससंग केहि सल्लाह लिईन,*

125 "म कहिल्यै कुनै विशप कहाँ गएर मैले के गर्नुपर्छ भनेर सोधिन। मैले कुनै पनि मासु र रगत भएकोमा, कुनै संस्था वा कुनै कुराकहाँ गएर सोधिन। मेरो तिनीहरुसंग कुनै सरोकार कहिल्यै रहेन। मैले कहिल्यै मासू र रगतको भरमा गरिन। न त म येरूशलेममा ती महान् पवित्र पूजाहारी र पवित्रा पिताहरू कहाँ, र ती सबै कहाँ गएर यो भने, अब, तपाईलाई थाहा छ, मैले एउटा दर्शन देखेको थिए, त्यसको बारेमा मैले के गर्नुपर्छ? मैले आशिषित प्रभु येशूलाई दर्शनमा देखे। तिनीहरुले भन्ने थिए, 'तिमी यहाँबाट निस्कउ, के...तिमी अन्धोभक्त! ठिक छ, तिमीलाई के भयो? होइन, यसो गर्नको लागि तिनीहरुसंग भएका सबै विद्यावारिधि म संग थियो..."

126 र पावल यहानिर भनेका छन्, म तपाईलाई धर्मशास्त्रमा देखाउन सक्छु, कि ख्रीष्टलाई चिन्नको लागि उनले सिकेका सबै कुरा उनले भुल्न पर्ने थियो, र शून्यमा झर्नुपर्थ्यो। ओ!

*न त मभन्दा अघि प्रेरित हुनेहरुकँहा म यरूशलेममा गएँ, तर तुरुन्तै अरब देशमा गएँ, र पछि दमास्कसमा फर्केर आएँ।*

*तब तिन वर्षपछि केफाससंग भेट गर्न म यरूशलेम गएँ, र उनीसंग पन्ध्र दिनसम्म बसे।*

127 र हामी पढ्दै जाँदा, हामीले पाउछौ कि उनी र प्रेरित पत्रुसले जीवनमा एकअर्कालाई कहिल्यै देखेका थिएनन्, एक अर्कालाई कहिल्यै चिनेका थिएनन्, एक अर्कालाई कहिल्यै देखेका थिएनन्, तर जब तिनीहरु संगै आए तिनिहरुले एउटै सुसमाचार प्रचार गरिरहेका थिए। परमेश्वरको एउटा विद्यालय छ। बुझ्नुभयो? हो!

128 यहाँ पत्रुस थिए, पेन्टिकोष्टको दिनमा खडा भएका थिए, र भने, “पश्चाताप गर र तिमीहरु प्रत्येकले पापक्षमाको येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लोओ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ।”

129 फिलिपले भने, “ओ, कति महिमामय छ यो! मैले पनि केहि कुरा गर्नुपर्छ। तल…मलाई तल सामरियाबाट बोलाईएको छ।” त्यहाँ तल गए र सडकमा गवाहि दिन थाले। पहिलो कुरा, एउटा विमार मानिस आयो, उस माथि उनले आफ्नो हात राखे, र उफ्रिन र कराउन थाले। भन्यो “परमेश्वरको महिमा होस्, हामी यहाँ छौ!” ठूलो ठूलो सभा हुन थाल्यो। उसले भन्यो, “तपाईहरु सबैलाई पवित्र आत्मा चाहिन्छ।” उसले भन्यो, “तपाईहरुले आज के गर्नुपर्छ भने, तपाईहरु सबै येशूको नाउँमा बप्तिष्मा लिन पर्छ।” त्यसैले उनले तिनीहरु प्रत्येकलाई लागे र येशूको नाउँमा बप्तिष्मा दिए। भन्यो, “आउ पत्रुस तिनीहरुमा आफ्नो हात राख अब।” र तिनीहरुले पवित्र आत्मा पाए।

कर्नेलीएसको घरमा पत्रुस जाँदा त्यहि नै कार्य भयो।

130 पावलले कहिल्यै पनि उनलाई देखेको र उनको बारेमा सुनेको समेत थिएन। तर उनी एफिससको माथिल्लो भागबाट भएर जादै थिए, र उनले केहि चेलाहरुलाई भेटे। उनले एउट ब्याप्टिष्ट प्रचारकलाई भेटे, उनी, एप्पोलस, एउटा परिवर्तन भएको वकिल थियो, होसियार, उत्कृष्ट, पुरानो करार लिदै त्यहाँ बाट येशू नै परमेश्वरको पुत्र हुनुहुन्छ भनि प्रमाणित गर्दै थिए। हो, श्रीमान्, उनी एउटा होसियार व्यक्ति थिए। र तिनीहरु कराउदै थिए, तिनीहरु आनन्दित भईरहेका थिए। बाईबलले त्यसै भन्छ। प्रेरितको १८ औ र १९ औ अध्यायलाई पढ्नुहोस् र हेर्नुहोस् त्यो ठिक हो या होइन भनि। तिनीहरु आनन्दित भईरहेका थिए, तिनीहरु आत्मामा नाचिरहेका थिए, र जताततै दौडिरहेका थिए, तपाईलाई थाहा छ। पावलले भने, “के विश्वास गरे देखि के तिमीहरुले पवित्र पायौ?”

131 र तपाई ब्याप्टिष्ट दाजुभाईहरु जसले मानिसहरुको घाटीमा धक्का दिन खोज्नुहुन्छ र भन्नुहुन्छ कि सक्कल ग्रीकले भन्छ, “के तिमीहरुले विश्वास गरे देखि, या *जब* विश्वास गर्यौ पवित्र आत्मा पाएका छौ?” म तपाईहरुलाई चुनौती दिन्छु कि ग्रीक म कहाँ ल्याउनुहोस्! मसंग आफैसंग सक्कल ग्रीक छ। मसंग अरामिक र हिब्रू पनि छ। ती हरेकले भन्छ, “तिमीहरुले विश्वास गरे *देखि* पवित्र आत्मा पाएका छौ?”

132 विश्वास देखि तपाईहरु बाच्नुभएको हो, त्यो परमेश्वरमा तपाईको विश्वास हो। रगतले तपाईलाई पापबाट शुद्ध राख्दछ, किनभने त्यसले वलिदान बनाउदछ। रगतले तपाईलाई बचाउदैन, रगतले तपाईलाई शुद्ध बनाउछ। तपाईले कसरी भन्नुहुन्छ तपाई बचाईनु भएको छ? विश्वासद्वारा तपाई बचाईनुभएको हो, र त्यो परमेश्वरको पूर्वज्ञानद्वारा भयो, तपाईलाई बोलाएर। तपाई बचाईनुभयो, र रगतले तपाईको प्रायश्चितको कार्य गर्छ, लगातार तपाईलाई शुद्ध पारेर। र त्यसपछि एकै आत्माद्वारा तपाई पवित्र आत्मामा बप्तिष्मा हुनुभयो, विश्वासीसंग एकै संगतिमा, र पवित्र आत्माको संगतिमा, आत्माद्वारा अगुवाई गराईन, चिन्हहरु गर्दै, आश्चर्यकार्यहरु गर्दै।

133 पर्खनु, आउदै, केहि कुराको लागि पर्खदै, केवल केहि सानो कुरा जुन हामीले पाउछौ, आशा छ हामीले जसरी पनि गर्नेछौ। मैले तपाईलाई भनेको थिए यस समयमा मलाई बोलाउनु भनि, होइन र? भर्खरै मैले यसलाई हेर्न भ्याए। केवल एउटा—केवल एउटा वचन या दुइटा अझै। केवल एउटा... यो थोरै थोरै केहि बाकि छ।

134 कहिले सम्म यो मुक्ति रहन्छ, कति बेलासम्म? के खालको मुक्ति हो यो? मण्डली देखि मण्डलीसम्म? आउनुहोस् हिब्रू ९:११ लाई पल्टाऔ, केहि मिनेटको लागि हेरौ। हिब्रूको पुस्तकलाई पल्टाउनुहोस् र हेरौ कति बेरसम्म मुक्ति रहनेछ। हेरौ यो कस्तो खालको मुक्ति हो। आउनुहोस् अब पढौ हिब्रू ९:११।

> *जब ख्रीष्ट अघिबाटै आईसकेका असल कुराहरुका प्रधान पूजाहारी* भएर आउनुभयो, *उहाँ अझ महान् र शिद्ध पवित्र वासस्थानद्वारा जानुभयो, जो हातले बनेको होइन...* (अब यो उहि शिक्षक हो, पावल, हेर्नुहोस्) ...*अर्थात् यस सृष्टिको अंग होइन।*
>
> *बोका र बाछाहरुको रगतले होइन, तर आफ्नै रगतद्वारा* (मुक्ति एक हप्ताको लागि, मुक्ति अर्को आउने जागृतिसम्म को लागि? कस्तो किसिमको?) *अनन्त उद्धार प्राप्त गरिदिएर सधैको निम्ति एकै पल्ट* (कति पटक? एकपटक) *महापवित्र स्थानभित्र उहना प्रवेश गर्नुभयो।*

135 "अनन्त" शब्दको अर्थ के हो? ख्रीष्टमा, मैले विश्वास गरेपछि... कुनै मानिसले येशूलाई पवित्र आत्माबाट बाहेक, "ख्रीष्ट," भनि बोलाउन

सक्दैन। त्यसैले त्यहाँ तह मानिसहरु छन्; अविश्वासीहरु, बनावटि–विश्वासीहरु, र विश्वासीहरु। तर तिनीहरु जसले अनन्त जीवनमा विश्वास गरेको छ, त्यो राजसभामा प्रवेश गरेको छ।

136 पुरानो पवित्र स्थानलाई लिनुहोस्, तिनीहरुले गरेको पहिलो कार्य के थियो? तिनीहरु सभाभित्र प्रवेश गर्दथे, अन्यजाति। त्यसपछि काँसाको वेदि थियो, जहाँ तिनीहरुले वलिदानलाई त्यो सुनको धुनेमा पखाल्थ्यो। अर्को काम बलिदानलाई मार्थ्यो, र रगतलाई वेदिमा छछल्काउथ्यो। त्यपछि, वर्षको एकपटक, हारुनले अभिषेक गर्थ्यो, ओ, (के ले गर्थ्यो?) स्यारोनको गुलाफको अत्तरले गर्थ्यो, त्यो अमूल्य तेलले जसभित्र अत्तर हुन्थ्यो, तिनीहरुले उसको शिरमा खल्याउथ्यो, र त्यो तल उनको लुगाको तलसम्म झर्थ्यो। र हेर्नुहोस् कसरी यो मान्छे त्यो पर्दाको पछाडिबाट जानुपर्थ्यो, वर्षको एकपटक जानुपर्थ्यो, उनको अगाडि रगत लिई त्यो अनुग्रहको कुर्सीमा ल्याउनुपर्थ्यो। र उनले आफ्नो लौरो वर्षमा एकपटक लिन्थे र त्यहि भुल्यो। र जब तिनीहरु त्यसपछि त्यहाँ पुगे त्यहाँ कोपिला फुलेको हुन्थ्यो। त्यो बुढो लौरो जुन उनले चालिस वर्ष देखि लिएका थिए त्यो उजाडस्थानमा, त्यो पवित्र स्थानमा राखीदिए। हेर्नुहोस्, जब तिनीहरुले करारको रगत लिए, रगत, उनी अभिषेक भएका थिए। र उनीसंग एउटा पोशाक थियो जहाँ त्यो हातमा घन्टी हुन्थ्यो, एउटा अनार र घन्टी। र त्यो व्यक्ति यस्तो तरिकाले हिड्नु पर्थ्यो कि जुन बेला उनी हिडिरहेको हुन्थ्यो उनले आफ्नो खुट्टा चलाउथ्यो, र *यसरी* चलाउथ्यो र आफ्नो पाईला चलाउथ्यो, तिनीहरुले बजाउथ्यो, "पवित्र, पवित्र, पवित्र, परमप्रभुलाई। पवित्र, पवित्र, पवित्र, परमप्रभुलाई। पवित्र, पवित्र पवित्र, परमप्रभुलाई।" ओ, मेरो प्रभु!

137 मैले के को बारेमा भनिरहेको छु? यसलाई सुन्नुहोस्, ब्रन्हाम टेबरनेकल! तपाईसंग तपाईको मौका थियो। जब एउटा मान्छे पवित्र आत्माद्वारा अभिषिक्त हुन्छ, परमेश्वरको परिवारमा अभिग्रहण हुनको लागि, पिताद्वारा पदिय रूपमा स्थापित हुनको निम्ति, र यहा सेवामा राख्नुहुन्छ, जीवनको उहाँको उदेश्यको लागि, या जे कुराको लागि उसलाई परमेश्वरले बोलाउनुभयो, उसको हिडाई यो हुनुपर्छ, "पवित्र, पवित्र, पवित्र, परमप्रभुलाई। पवित्र, पवित्र, पवित्र।"

"ओ, तपाई एकतर्फी *यसमा* फर्किनुपर्छ र..."

"पवित्र, पवित्र, पवित्र परमप्रभुलाई।"

"ओ, तपाईले सबै एल्डरहरुले भनेका कुराहरु विश्वास गर्नुहोस्, *यो*"

138 तर, "पवित्र, पवित्र, पवित्र, परमप्रभु।" उहाँको वचन प्रथम हुनदिनुहोस्, यो नै त्यहाँ भएका सबैकुरा हुनदिनुहोस्, डुबाउनुहोस्, आफ्नो हृदयमा राख्नुहोस्! तपाईको हिडाई वचनमा हुनुपर्दछ। "पवित्र, पवित्र, पवित्र, परमप्रभुलाई।"

139 "ओ, यदि तपाई केवल यहाँनिर आउनुभयो भने! म तपाईलाई भन्नेछु हामी के गर्नेछौ, हामी संस्थागत गर्नेछौ, तपाईलाई हाम्रो संस्थामा राख्नेछौ, तपाई एउटा महान् व्यक्ति हुनुहुनेछ।"

140 "पवित्र, पवित्र, पवित्र परमप्रभुलाई। पवित्र, पवित्र, पवित्र परमप्रभुलाई।" अगाडि बढ्दै जानुहोस्। अरुले जे सुकै भनोस् त्यसले केहि फरक पार्दैन!

141 "यो टेपको बोलाईले! *यो* गर, *यो* गर, *त्यो* गर, *त्यो* गर, *अर्को* गर।"

142 "पवित्र, पवित्र, पवित्र परमप्रभुलाई।" तपाईले तपाईको आँखा कलवरीमा राख्नुहोस्, र त्यहाँ केहि कुरा पनि हुनेछैन जसले तपाईलाई रोकोस्। तपाईको पुरा जिन्दगीको यात्रामा, तपाई तल राजाको राजमार्गमा हिड्दै हुनुहुन्छ, अमूल्य अभिषेक गर्ने तेलले अभिषिक्त भएर, पवित्र स्थानको पनि महापवित्र स्थान तर्फ जादैहुनुहुन्छ। ह्यु! आमेन। ठिक छ।

143 पावलले भनेका थिए कि उनले यो कुरा मानिसबाट पाएका होइनन्। अब उनले के भन्छन्, गलातीमा फर्केर जाऔ, हाम्रो पाठमा। "उहाँको इच्छाका रहस्यहरु हामीलाई खोल्नुभयो।" उहाँको इच्छा के हो? "उहाँको इच्छाको रहस्यहरु प्रकट गर्नुभयो।" तपाईहरु जसले तल लादै हुनुहुन्छ, ९ औ पदमा। अब म चाडो गर्नेछु र यसलाई सिध्याउनेछु, किनभने हाम्रो समय सिद्धिरहेको छ।

144 ओ, प्रत्येक वचन एउटा...?...ओ, हरेक वचन कच्चा सून हो। तपाईले केवल त्यसलाई लिएर त्यसलाई चमक दिईरहन सक्नुहुन्छ। तपाईले त्यसलाई खन्न सक्नुहुन्छ, मैले...तपाईलाई ती वचनहरु मध्ये एउटालाई निकालेर, उत्पत्तिदेखि लिएर त्यसलाई चमक दिनसक्नुहुन्छ, प्रश्थानबाट लिएर त्यसलाई फेरी चमक दिनसक्नुहुन्छ, त्यसलाई लेवीमा लगेर त्यसलालाई चमक दिनसक्नुहुन्छ, र, प्रकाशमा पुगुन्जेलसम्म

लिनसक्नुहुन्छ, त्यसको हरेक सानो विन्दुहरु येशू हो! आमेन। तपाईले केवल त्यसलाई तपाईले चाहनुभएको जति चमक दिनसक्नुहुन्छ, त्यो येशू नै हुनेछ जब तपाईले प्रकाशलाई भेट्नुहुनेछ। किनकि, उहाले भन्नुभएको छ, "म त्यो हुँ हो थिए, जो छु, र हुनआउनेछु। म दाउदको कूलको मूल हुँ, विहानीको तारा। म अल्फा, ओमेगा हुँ।" त्यो ग्रीक लिपिमा ए देखि जेट हो। "म ए देखि जेट हुँ। म हुँ! म सर्वेसर्व हुँ।" त्यो सहि हो। "म त्यो हुँ जो मरेको थिए, अहिले जीवित छु, र सदाको लागि जीवित भएको छु। म संग मृत्यु र पातालको साचा छन्।" ओ, मेरो! हरेक कच्चा सुम जुन तपाईले यहाँ लिनुहुन्छ र यसलाई चमक लाउन शुरू गर्नुहुन्छ, यसले ठिक येशूमा चमक लगाउछ।

145 अब, केवल केहि समय पश्चात र त्यसपछि हामी—हामी—हामी—हामी, हामी बन्द गर्नेछु। हो। त्यसो भए हामी के पर्खिरहेका छौ? तपाई यहाँ सभामा किन हुनुहुन्छ? यसको उदेश्य के हो? संसार के को लागि उत्कण्ठा गरिरहेको छ? त्यो अटोमिक बम पारी के को लागि तयारी भई झुण्डिरहेको छ, ती मलेक्युल्स र एटोम के हो? र, ओ, र त्यो सबै के को लागि?

146 रोमी ८ औ लाई केहि मिनेटको लागि पल्टाऔ। त्यसले के को लागि पर्खिरहेको छ? यो कुन समय हो? रोमी, ८ औ अध्याय, र आउनुहोस् शुरू गरौ र पढौ, ओ, मैले आठ भने...आउनुहोस् नौबाट पढौ...१९ औ पद, यसलाई यहाँ बनाउनको लागि ठिक यहाँ पढ्नुहोस्, यसलाई वास्तवमै मिठो बनाएको छ। त्यो सहि हो। मलाई थाहा छ त्यहाँबाट तपाई कहाँ पुग्दै हुनुहुन्छ। ठिक छ। रोमी, ८ औ अध्याय, मलाई लाग्छ अब यसमा म सहि छु। हो, श्रीमान्। ८ औ अध्याय, आउनुहोस् १८ औ पदबाट। १४ औ पद बाट नै शुरू गरौ।

*किनभने सबै, जो परमेश्वरका आत्माए डोर्याईएका हुन्छन्, तिनीहरु नै परमेश्वरका सन्तान हुन्।* त्यो ठिक हो।

*किनभने फेरी डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरुले पाएका छैनौ...*

147 "ओ, सोच्छु कि यदि मैले पक्रिरहन सके त। ऊ, यदि मैले केवल रोक्न सके त!" केहि पनि नपक्रे! यो त्यो होइन कि मैले पक्रे, यो त त्यो हो कि कतै उँहाले पक्रनुभयो या भएन। म अब उहाँमा छु, बुझ्नुभयो।

148 ठिक छ, तपाईले भन्नुहुन्छ, “ठिक छ, यदि म उहाँमा छु भने!” अब तपाई—तपाई प्रेस्बीटेरियनहरुले भन्नुहुन्छ, “अ, हामीले सधै त्यहि विश्वास गर्यौं।” तर तपाईको जीवनले साबित गर्छ कि तपाईहरुले त्यो गर्नुभएको छैन, उहाले हिडेको जस्तो जीवन जबसम्म तपाईले जिउनुहुन्न, र उहि सुसमाचार विश्वास गर्नुहुन्न।

149 तपाईले भन्नुहुन्छ, “अ,” ब्याप्टिष्टले भन्नुहुन्छ, “निश्चय नै, म विश्वास गर्छु कि अनन्त सुरक्षामा।” र हामी यहाँ जानुहुन्छ र चुरोट पिउनुहुन्छ र नाच्नको लागि दौडनुहुन्छ, र महिलाहरु आफ्नो कपाल काट्छन्, तिनीहरुका मुहारहरु रंगरोदन गर्छन् र मलाई यो के हो थाहा छैन भनेको जस्तो व्यवहार गर्छन्? तपाईहरुको फलले साबित गर्छ कि तपाईले त्यो विश्वास गर्नुहुन्न।

जब मैले भन्छु, “के तपाईले दिव्य चंगाईमा विश्वास गनुहुन्छ?”

“ओ, डक्टर जोनले भनेको थियो यो *त्यो* हो, यो ती पुराना दिनहरुमा मात्र थियो।”

150 अब, तिमीहरु पाखण्डीहरु! तिमीहरुमा के समस्या छ? तिमी गरिब भ्रमित बालक। तिमी यति टाढा छौ सुसमाचारबाट कि तिमी एउटा विचरा हौ। तिमी कुनै हिलाम्मे सडक छेउ तर्फी छौ त्यो जलिरहेको फोहोरको डङ्गुरमा। के तिमीहरुले देख्दैनौ यहाँ उहाँले के भन्नुभएको छ? त्यो, हरेक आत्मा जसले गोलमाल ल्याउछ र भन्छ कि येशू शरीरमा आउनुभएको छैन, त्यो गलत आत्माबाट आएको हो। बाईबलले भन्छ येशू ख्रीष्ट हिजो, आज र सधै भरि एक समान हुनुहुन्छ। उहाँले त्यसबेलामा जे भन्नुभयो, त्यो नै आज उहाँ हुनुहुन्छ, उहाँ सदाको लागि त्यहि तरिकामा हुनुहुन्छ। केवल सुन्नुहोस्।

*किनभने फेरी डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरुले पाएका छैनौ, तर तिमीहरुले धर्मपुत्र हुने आत्मा पाएका छौ...*

[सभाले भन्छ, “*अभिग्रहण।*”—सम्पा]

151 अब तपाईको अभिग्रहण अर्थात् धर्मपुत्रमा ल्याईनुभएपछि, ठिक छ, तपाईको अभिग्रहण भएपछि। तपाईलाई स्थापित गरियो, तब तपाईले बुझ्नुहुन्छ, समारोह पछि भनेको छ कि तपाई शरीरमा सहि रूपमा राखिनुभएको छ। तपाई एउटा पुत्र हुनुहुन्छ, एउटा छोरी हुनुहुन्छ, जब

तपाई नया गरी जन्मनुहुन्छ तपाई त्यो हुनुहुन्छ, त्यो नै तपाईको जन्म हो। तर अब तपाई पदिय ढंगले स्थापित गरिनुभएको छ।

> *किनभने फेरी डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरुले पाएका छैनौ, तर तिमीहरुले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" पुकार्छौं।* जसको अर्थ हो, "मेरो परमेश्वर।" ठिक छ

> *त्यो चाहि परमेश्वरका सन्तान हौं भनि पवित्र आत्माले हाम्रो आत्मासंग गवाहि दिनुभएको हो।*

152 यसले कसरी यो गर्छ? तपाई भन्नुहुन्छ, "परमेश्वरको महिमा भएको होस्! हाल्लेलुयाह! यसले मलाई केहि समस्या पार्दैन, म परमेश्वरको बालक हुँ," र बाहिर जानुहुन्छ र तपाईले चाहेको काम गर्नुहुन्छ? परमेश्वरको आत्माले परमेश्वरको कामहरु गर्छ।

153 येशूले भन्नुभयो, "तिनीहरु जसले ममा विश्वास गर्दछन् मैले गरेका कामहरु तिनीहरुले पनि गर्नेछन्।" बुझ्नुभयो? बुझ्नुभयो?

154 यदि—यदि—यदि—यदि यो दाखमद्य बढेर दाखको झुप्पा फलाउछ भने, र अर्को हाँगा आउछ र त्यसले चाहि फर्सी फलाउछ भने, त्यहाँ केहि खराबी हुन पर्छ। बुझ्नुभयो? यो एउटा बनाईको मण्डली हो, यो एउटा बिग्रिएको दाखको रुख हो, यो एउटा बिग्रिएको व्यक्ति हो। यदि एउटा व्यक्ति कुनै संगठित संस्था सहित, कुनै धार्मिक संगठित संस्थासंग जोडिएको छ र आफैलाई एउटा इसाई भनि बोलाउछ, र पवित्र आत्मा र परमेश्वरको सामर्थ्य पनि छैन र ती सबै आफैमा छैन...

155 अब, यदि तपाई बाहिर यहाँ जानुहुन्छ र तपाईले अन्यभाषा बोलेकै कारणले ती जडियाहरुको समूहको जस्तो व्यवहार गर्नुहुन्छ। मैले देखेको छु दुष्टले अन्यभाषा बोलेको। हो, श्रीमान्। मैले तिनीहरु आत्मामा भई नाचेको देखेको छु, र मुखबाट कराएको, चिच्याएको देखेको छु, र ती सबै थोक गरको देखेको छु। मैले ती कुरा देखेको छु। म एउटा...म त्यसको विषयमा बोलिरहेको छुइन। म परमेश्वरको आत्माको विषयमा बोलिरहेको छु।

> *त्यो चाहि हामी परमेश्वरको सन्तान हौं भनि पवित्र आत्माले हाम्रो आत्मासंग गवाहि दिनुभएको हो*

*र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसंग साझे–उत्तराधिकारी। उहाँसंग दुःख भोग्छौ भनेता हामी उहाँसंगै महिमित पनि हुनेछौ।*

*...किनकि वर्तमान समयका* कष्टहरु...

156 केवल यसलाई सुन्नुहोस्। ओ, यो यदि सुन्दर छैन भने!

*म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससंग वर्तमान समयका कष्टहरु तुलना गर्न योग्य छैन।*

*सृष्टि बडो उत्कण्ठाले परमेश्वरका पुत्रहरु प्रकट हुने कुराको प्रतिक्षा गर्छ।*

157 यसले यहाँ भन्छ, त्यहाँ एउटा सानो—सानो शब्द छ, एउटा सानो सिमा पढाई छ, "सृष्टि" यो, ग्रीकमा।

सृष्टि बडो उत्कण्ठाले *परमेश्वरका पुत्रहरु* प्रकट हुने कुराको प्रतिक्षा गर्छ।

158 सबैले के लाई पर्खिरहेको छ? सबै सृष्टिले के लाई प्रतिक्षा गरिरहेको छ? परमेश्वरको पुत्रहरु प्रकट हुनको लागि। यसले मण्डलीलाई आफ्नो उपयुक्य स्थानमा आउनको निम्ति पर्खिरहेको छ। परमेश्वरको पुत्रहरु को थियो, जब आदम, उसको अधिकार–क्षेत्र कहाँ थियो? पृथ्वी। उसको पृथ्वीमा प्रभुत्व थियो। के यो सहि हो? [सभाले भन्छ, "आमेन।"—सम्पा।] उनी एला, एला, एलोहिम थिएन त्यसबेला; उहाँ यहोवा हुनुहुन्थ्यो। बुझ्नुभयो? त्यसको अर्थ, "म हुँ परमेश्वर, र मैले केहि म भन्दा सानोलाई मेरो अधिनमा बनाएको छु। र मैले तिनीहरुलाई एउटा प्रभुत्व दिएको छु। र तिनीहरुको अधिकारमा, अधिकार तिनीहरुको अधिनमा जुन पृथ्वी दिईएको हो।" र पुरै सृष्टिले परमेश्वरको पुत्रहरु प्रकट हुनेकुरालाई पर्खिरहेको छ। ओ!

हामीहरु त्यस आनन्दको हजार वर्षको दिनलाई हेरिरहेका छौ,<br>
जब हाम्रो आशिषित प्रभु आउनुहुनेछ र उहाँलाई पर्खिरहेको उहाँको दुलहिलाई लानुहुन्छ<br>
ओ, पृथ्वी तड्पिरहेको छ, त्यस महान् रिहाईको दिनको लागि कराईरहेको छ,<br>
जब हाम्रो मुक्तिदाता फेरी पृथ्वीमा आउनुहुनेछ।

159 के त्यो सहि हो? पर्खिरहेको छ। परमेश्वरले आफ्नो मण्डलीलाई उपयुक्त स्थानमा राख्ने कोशिष गर्दैहुनुहुन्छ, उहाँ आफैलाई प्रकट गर्नको निम्ति, त्यसलाई पाउदै हुनुहुन्छ जसद्वारा उहाँले यसरी काम गर्न सकोस्, भन्नुहोस्, "त्यहाँ मेरो आत्मा छ जुन स्वतन्त्र बहिरहेको छ। त्यहाँ यो छ। त्यो, त्यो, म—म कार्य गर्नसक्छु।" अभिग्रहण अर्थात् धर्मपुत्र, स्थापित, प्रकट, उसलाई यहाँ बाहिर ल्याएर एउटा समारोह उहाँमा राख्नेछ, उसमा स्वर्गदुतसंग भेट्नुभयो, उसलाई केहि भन्नुभयो। अब, यदि उसले सत्य भनेको छ भने! अब यदि उसले केहि कुरा बनाउदैछ भने, त्यसले काम गर्नेछैन। अह, अह, त्यो—त्यसले काम गर्नेछैन, हामीमा त्यस्तो धेरै छ। तर मेरो अर्थ—तर मेरो अर्थ हो परमेश्वरको पुत्रहरुको प्रकट हुने कुरा, जब परमेश्वरले आफैलाई प्रकट गर्नुहुनेछ र उहाँले उसलाई पठाउनुहुनेछ। र त्यसपछि उ अगाडि जानेछ, र जे उसले भन्दछ त्यो सत्य हुनेछ। उसले जे गर्नेछ, ख्रीष्टलाई प्रकट गर्नेछ। तपाईले कसरी उसलाई इन्साफ गर्नुहुनेछ? हर तरिकाले उ वचनसंग रहन्छ, ठिक वचनसंग रहन्छ। बुझ्नुभयो, त्यहि नै तरिकामा तपाईले सबै मानिसलाई चिन्नुहुनेछ, जुन तरिकामा उ वचनमा रहन्छ। "यदि तिनीहरुले धर्मशास्त्र अनुसार बोलेनन् भने, त्यहाँ तिनीहरुमा जीवन छैन।" बाईबलले यहि भन्छ। बुझ्नुभयो? तिनीहरुलाई छोडिदिनुहोस्।

160 अब आउनुहोस् हामी पढौ, त्यसपछि हामी—हामीले रोक्न पर्ने हुन्छ, 'किनकि हाम्रो समय सिद्धिदै गईरहेको छ। ठिक छ, १० औ पदमा, या ९ औ पदमा

> *किनकि सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उदेश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ,*

161 उहाले यो आफैमा उदेश्य राख्नुभयो, संसारको उत्पत्ति हुनभन्दा अगाडि गर्नुभयो। कतिजनाले यो बुझ्दै हुनुहुन्छ? बुझ्नुभयो?

> *ताकि समय पूरा भएपछि...*

162 ओ, मेरो, यहाँ हामी फेरी आएका छौ! हँ! ओ, यसलाई नाघेर जाऔ, हेरौ

> *...स्वर्ग र पृथ्वीका थोक ख्रीष्टको अधिनमा आउनलाई समय पूरा नभएसम्म...*

163 के तपाई समय कालको शासनलाई विश्वास गर्नुहुन्छ? बाईबलले यसरी भनेको छ, “समय पूरा नभएसम्म।” सबैको पूरा के हो? त्यहाँ एउटा समय काल थियो, ठिक छ, त्यहाँ एउटा मोसाईक व्यवस्थाको काल थियो। त्यहाँ बप्तिष्मा दिने योहन्नाको समय काल थियो। त्यहाँ ख्रीष्टको एउटा समय काल थियो। त्यहाँ एउटा मण्डली संस्थाको समय काल थियो। त्यहाँ पवित्र आत्माको कार्यको समयकाल थियो। अहिले अभिग्रहण अर्थात् धर्मपुत्रको समय काल हो, जसको लागि संसार पर्खिरहेको र तड्पिरहेको छ। “समयको पूरा भएपछि, जब समयको पूर्णताको काल आउदछ।” त्यो समयको पूरा के हो? जब मृतहरु उठ्नेछन्, जब विबार रोकिनेछन्, जब... “समय कालको पूर्णता।” यो हेर्नुहोस्।

*ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरु ख्रीष्टको अधिनमा आउँन्।*

164 के तपाई खुसी हुनुहुन्न? उहाँले यो कसरी गर्न जानुहुनेछ? सबै कुरा को मा भेला गर्नुहुनेछ? [सभाले भन्छ, “ख्रीष्ट।”—सम्पा।] हामी ख्रीष्टमा कसरी हुनसक्छौ? [“एउटै आत्माद्वारा”] एउटै आत्माद्वारा हामी सबै बप्तिष्मा भएका छौ [“एउटै शरीरमा”] एउटै शरीर। र त्यो शरीर कसको शरीर हो? [“ख्रीष्टको”] पहिले नै न्याय भएको छ। [“आमेन”] उहाँले हाम्रो इन्साफ लिनुभयो। त्यसो हो भने हामी के हौ? “जब मैले [“रगत”] रगत देख्दछु, म तपाईमा आउदछु।” हरेक पटक जब उहाँले शरीरलाई हेर्नुहुन्छ, त्यो त्यहाँ बसिरहेको छ, रगताम्मे भई। म त्यहाँ कसरी छु? पवित्र आत्माद्वारा। उहाँले केवल त्यसलाई लगिरहनुहुन्छ। ओ, मेरो!

*ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरु ख्रीष्टको अधिनमा आउँन्।*

165 अब यदि तपाई नाउँको विषयमा कुरा गर्नचाहनुहुन्छ भने, हामी अहिले नै केहि समयको लागि शुरू गर्नसक्छौ। सबै स्वर्गको परिवार कुन नाउँमा छ?[सभाले भन्छ,“येशू ख्रीष्ट”—सम्पा] सबै पृथ्वीको परिवार कुन नाउँमा छ? [“येशू ख्रीष्ट”]

166 त्यहाँ केहि राम्रा महिलाहरु हुनुहुन्छ यहाँ, असल, धनि, एउटा सच्चा स्त्रीहरु। त्यहाँ एकजना श्रीमती ब्रन्हाम पनि हुनुहुन्छ, श्रीमती ब्रन्हाम, मेरी श्रीमती हुनुहुन्छ। उनी मसंगै घर जान्छिन्। हेर्नुहोस्, बाकिहरु तपाईको आफ्नो श्रीमान् संग जानुहुन्छ।

167 त्यहाँ जीवित परमेश्वरको एउटा महान् जीवित मण्डली छ, उसले उहाँको नाउँ लिन्छ, उनी उहाँको आत्माले भरिपूर्ण छिन्। त्यो सहि हो। म यो भन्दिन...

168 म असल कार्यहरुलाई दोष्याउदिन, म तिनीहरुको अस्पताललाई दोष्याउदिन र तिनीहरुले गरेका असल कार्यलाई दोष्याउदिन। म सोच्छु कि त्यो राम्रो हो, र गरीब, दुखी, मानवता प्रति परमेश्वरको आशिष हो। म ती अरु कुराहरुलाई पनि दोष्याउदिन जुन तिनीहरुले गरिरहेका छन्। ठिक छ, त्यो ठिक हो। र तिनीहरुको महान् संस्थाहरु र लाखौ डलरहरु, म पक्कै पनि त्यो एउटा कुनाको तस्करको अड्डालाई भन्दा बरु त्यो नै हेर्न चाहन्छु। म निश्चित रूपमा तिनीहरुलाई एउटा सेवकको रूपमा पूलपिटमा उभिदा आदर गर्छु।

169 तर जब यो समयको अन्तिममा सगै भेला हुने विषयको कुरा आउछ, त्यो परमेश्वरको पुत्रहरु प्रकट हुनको प्रतिक्षारत हुन्छ, त्यो समयमा... ताकि उहाँले सबैलाइ संगै भेला गाराउन सक्नको निम्ति, तिनीहरु सबै जो ख्रीष्टमा ल्याईएका छन्। ख्रीष्ट के हो? कतिजनालाई...हामी कसरी उहामा हुनसक्छौ? १ कोरिन्थी १२, “एउटै आत्माद्वारा हामी सबैजना एउटै शरीरमा बप्तिष्मा भएका छौ, जुन ख्रीष्टको शरीर हो, र उहाँमा भएको सबै वरदान र सबै असल थोकहरुको अधिकारी बनाउनुभएको छ।” के त्यो सहि हो? “र सम्पूर्ण पृथ्वी जब ख्रीष्ट र उहाँको मण्डली एक भई प्रकट भएको कुराको तड्पन र चिच्याहटका साथ प्रतिक्षा गरिरहेको छ।”

*ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरु ख्रीष्टको अधिनमा आउँन्।*

*जसमा हामीले हाम्रो उत्तराधिकार पाएका छौ...*

170 ओ, भाई नेभिल, मलाई माफ गर्नुहोला यो सबै लिएकोमा। म...त्यो शब्द “उत्तराधिकारी” ओ–ओ–ओ–ओ, यो हुन! ओ–ओ–ओ–ओ! म जान्दछु उहा...यो मेरो कुटुम्बी हो भाई। म...म आशा गर्छु कि म उत्तेजित हेको छैन। म—म—म केवल...मलाई लाग्दैन म त्यस्तो भएको छु। तर, ओ, मेरो! एउटा के? “उत्तराधिकारी।” हामीले उत्तराधिकारी हुन पाएका छौ। कसैले तपाईको निम्ति केहि छोडेर जानु पर्दछ। परमेश्वर, संसारको उत्पत्ति हुनभन्दा अघि, तपाईको निम्ति केहि छोड्नुभयो। एउटा नाम जुन पुस्तकमा लेखिएको थियो, कि जब थूमा मारिने थियो तपाई त्यसबाट

चिनिनुहुनेथियो। ओ! यसलाई आज रातिको निम्ति बचत गरौ। आउनुहोस् केवल केहि थोरै पढौ। मेरो, मेरो! कसरी हामी त्यस तेस्रो पद पढ्नेछौ, या तेस्रो अध्याय? हामीले यसबाट चार या पाच ओटा पद समेत लिएका छैनौ। अब हामी बन्द गर्न तिर जादैछौ, तैपनि, मैले यो केवल पढ्नुपर्नेछ र त्यसपछि यतिकै छोड्नेछु।

*जसमा हामीले हाम्रो उत्तराधिकार पाएका छौ...*

171 के? कसरी हामीले यो यहाँ उत्तराधिकार पाउछौ? हामीले यो कसरी पायौ? किनभने हामी इमान्दार भई हिड्यौ? यो उत्तराधिकार कसरी पाउने? किनभने हामी पूर्व नियुक्त गरिएका थियौ। आमेन। ह्यु! मेरा अर्मीनियन भाईहरु, मलाई थाहा छ त्यो अत्यन्त कठिन छ। मैले तपाईहरूलाई चित्त दुखाउने लक्ष्यले गरेको होइन, तर यसले मलाई यति राम्रो गरेको छ कि यो...तपाई—तपाई—तपाईले यो बुझ्नुभयो, तपाईले बुझ्नुभयो, भाई, ठिक छ। तपाईले केवल यसलाई देख्नुहुन्न। तपाईले पनि उहि तरिकामा पाउनुभएको छ। बुझ्नुभयो? तपाईहरु सबै ठिकै हुनुहुन्छ, बुझ्नुभयो, तपाईहरु ठिकै हुनुहुन्छ। बुझ्नुभयो? तर, ओ, तर यसमा हेर्दा कति असल हुन्छ। हो। ठिक त्यस्तै जुन भाई नेभिलले आर्केडको बारेमा भन्नुभएको थियो, हिजो, "तपाईको लागि एउटा सिडी चड्ने ल्याउनुहोस् र चारैतिर जानुहोस् र हेर्नुहोस् तपाईसंग के रैछ।" हो, श्रीमान्। त्यहि नै तरिकाको हो यो। परमेश्वरको पवित्र आत्मा हाम्रो चड्ने सिडी हो जसले हामीमा के छ भन्दछ। बुझ्नुभयो?

172 हेर्नुहोस्, एउटा उत्तराधिकार। ओ, प्रभु! "हुनु..." कस्तो खालको उत्तराधिकार या अधिकार?

*उहाँमा जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्राय अनुसार;*

173 जब उहाँ...उहाँ एउटा पापा (पिता) हुनभन्दा अगाडि, उहाँ परमेश्वर हुनभन्दा अगाडि, उहाँ एउटा मुक्तिदाता हुनभन्दा अगाडि, उहाँ एउटा चंगाईदाता हुनुभन्दा अगाडि, यी सबै हुनभन्दा अगाडि, उहाले पूर्व नियुक्त गर्नुभयो, थूमाको नाउँ पुस्तकमा राख्नुभयो, उहाँको पूर्व ज्ञानद्वारा तल हेर्नुभयो र तपाईको नाउँ देख्नुभयो, त्यहाँ तपाईको नाउँ पनि राख्नुभयो। यो के हो? र केहि समय पछि हामी संसारमा आयौ, पापपूर्ण आमा बुवाबाट जन्मियौ; हामी संसारको वरपर हिडयौ, तपाईलाई थाहा छ। पहिलो कुरा

तपाईलाई थाहा छ, त्यस्तै त्यो चुच्चो नाक भएको सानो यहूदी जस्तै, पावल, तपाईलाई थाहा छ, र—र उनी बोकिरहेका थिए, र पहिलो कुरा, केहिले भन्यो, "यहाँ, यहाँ, यहाँ, यहाँ, यहाँ!"

तपाईले भन्नुहुन्छ, "ओ, अब्बा, पिता!"

174 यहाँ निर हामी आउन थाल्यौ, बुझ्नुभयो। उहाँमा हाम्रो उत्तराधिकार हामीमा पूर्वनियुक्त गर्नुभयो, जुन हामीमा पूर्व नियुक्त गरिएको थियो। बुझ्नुभयो, हामीले त्यसमा अधिकार संसारको उत्पत्ति हुनभन्दा अगाडि गरिसकेका थियौ। बुझ्नुभयो? ओ! उहाँकै अभिप्राय अनुसार उहाँको आफ्नै असल इच्छामा, त्यस्तै नै हो, उहाँ परमेश्वर र मुक्तिदाता हुनको निम्ति।

*तिमीहरु जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्ति सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गर्यौ...*

175 र सत्य को हुनुहुन्छ? येशू नै सत्य हुनुहुन्छ, सुसमाचारको सत्यता। कुन सुसमाचार? त्यहाँ केवल एउटा मात्रै सुसमाचार छ। गलाती १, भन्छ, "अर्को कुनै सुसमाचार स्वर्गदूतले नै प्रचार गर्यो भने पनि, त्यो श्रापित होस्।" यहि नै सुसमाचार हो, तपाईको मुक्ति सुसमाचार; अर्को कुनै होइन, त्यहाँ अर्को कुनै छैन। "मुक्ति पाउनको निम्ति स्वर्ग मुनी र पृथ्वीमा त्यहाँ अर्को—अर्को कुनै नाउँ दिईएको छैन।" तर के को नाउँमा? [सभाले भन्छ, "प्रभु येशू ख्रीष्ट"—सम्पा] ओ, म!

*उहाँमा विश्वास गर्यौ, उहाँमा नै तिमीहरुलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाईएको थियो।*

176 ओ, "तपाईहरुले विश्वास गर्नुभए पछि!" हामी कसरी त्यस माथि जानसक्छौ भाई? आज रातिको लागि यसलाई यहि छोडिदिऔ, तपाईहरु के भन्नुहुन्छ? ओ, प्रभु! म—म त्यो भन्दा अगाडि जान सक्दिन। यसलाई आज रातिको लागि यहि छोडिदिऔ। म केवल यो शब्द "छाप," छोड्न सक्दिन, कसरी तपाई त्यहाँ जान सक्नुहुन्छ, बुझ्नुभयो।

177 उत्तराधिकारी पूर्वनियुक्तद्वारा। मैले केहि अधिकार गरेको छु। कुन अधिकार या उत्तराधिकार? त्यहाँ कोहि हुनुपर्छ जसले मलाई उत्तराधिकार छोडेर गएको हुनपर्छ। किन, तपाईले भन्नुहुन्छ, "येशूले तपाईलाई अधिकार छोडेर जानुभयो।" मलाई माफ गर्नुहोला? येशूले तपाईलाई कहिल्यै पनि उत्तराधिकार छोडेर जानुभएन, येशूले कहिल्यै पनि तपाईलाई धन छोड्नुभएन; उहाँ केवल तल आउनुभयो र तपाईको अधिकारको लागि

मूल्य चुकाउनुभयो, तपाईलाई तपाईको अधिकारमा ल्याउनुभयो। तर तपाईको नाउँ थूमाको जीवनको पुस्तकमा लेखिएको थियो संसारको उत्पत्ति हुनभन्दा अगाडि। परमेश्वरले तपाईलाई तपाईको अधिकार दिनुभयो। तपाईको अधिकार पहिलो थियो। येशू केवल आउनुभयो...धेरैले, यहाँ यस तरिकामा तिनीहरुले बनाउन खोज्छन्, "परमेश्वरले भन्दै हुनुहुन्छ, 'ठिक छ, त्यहाँ धेरै जना मानिसहरु पापमा हराएका छन्। ती मध्ये एउटा पनि बाच्ने छैनन्, त्यसैले म येशूलाई तल पठाउनेछु र शायद हुनसक्छ उहाँले...हुनसक्छ कसैले पश्चताप गर्नसक्छन्, र मैले के गरे जानेर, बाच्ने छ।'" ओ, दया! म मेरो कार्यलयलाई यसरी चलाउदिन, यहाँसम्म कि मजस्तो गरिबले पनि कहिले काहि चलाउछ। बुझ्नुभयो? म—म त्यसरी काम गर्नेथिईन। भने परमेश्वरले कसरी त्यसो गर्नुहुन्छ र?

178 परमेश्वरले. आफ्नो पूर्वज्ञानद्वारा, को बाच्नेछन् भने ठिक तरिकाले देख्नुभयो थियो र को बाच्ने छैनन् जान्नुभएको थियो, उहाँले येशूलाई तिनीहरुलाई बचाउनको निम्ति पठाउनुभयो जसलाई उहाँले पहिले नै चुन्नुभएको थियो। के पावलले भनेका थिएनन् र, यो भन्दा पाँच पद पछाडि, कि, "उहाँले हामीलाई चुन्नुभयो र येशूले आएर हाम्रो निम्ति मूल्य चुकाउनुभयो। त्यो के हो? उहाँको रगत बगाई हो, ताकि कुनै पनि पापको हामी जिम्मेवार नभएको होस्। तपाईले केहि पनि गर्नुभएन। तर यदि तपाई..."

179 "तिनीहरु जसले सत्यको ज्ञान पाएर पनि जानी जानी पाप गर्छ, त्यहाँ कुनै बलिदान छैन।"

180 अब, र त्यहि नै हो जहाँ तपाई फेरी उठ्नुहुनेछ, भन्नुहुन्छ, "त्यो चाहि के हो, भाई ब्रन्हाम?"

181 तर केवल याद गर्नुहोस्, हेर्नुहोस्, "जसले सत्यको *ज्ञान* प्राप्त गरेको छ।" तिनीहरुले कहिल्यै पनि सत्य पाएकै छैनन्, तिनीहरुले केवल त्यसको ज्ञान मात्र पाएका छन्। बुझ्नुभयो? तिनीहरुको लागि यो असम्भव छ जसमा एकपटक प्रकास भएको छ, पवित्र आत्माको भागीदार भएका छन्, असल वचनको शक्तिलाई चाखेका छन्। तिनीहरु जो सिमामा बस्ने विश्वासीहरु छन्। धेरैले मलाई त्यसमा चिठ्ठी लेखेका छन्।

182 ती सिमारेखी विश्वासीहरु ठिक त्यहाँ माथि हिडे, यहोशू र कालेब पनि ठिक त्यहि गए। किन? अब हामीहरु त्यो पवित्र आत्मालाई बोलाउन

जानेछु, त्यो भूमी जुन त्यहाँ छ। यहाँ तिनीहरु फेर्केर *यहाँ* आए, या माथि *यहाँ*, भन्नुहुन्छ यो पवित्र आत्मा हो, र तिनीहरु फर्केर फेरी *यहाँ* छन्, तपाईले देख्नुहुन्छ। त्यहि नै हो जहाँ प्रतिज्ञा छ *त्यहाँ।* "'ठिक छ, यदि तिनीहरुले दस जना जासूसहरु पठाउछन् भने, हरेक कुलबाट एकजना, ताकि हामीहरु सबै कुलले थाहा पाउनसकौ कि हाम्रो धन या अधिकार के हो, सबै जना त्यहाँ कसरी स्थापित गरिनेछ, हामी कहाँ स्थापित हुनेछौ।' त्यसैले म केहिलाई त्यहाँ केहि जासूसहरु पठाउनेछु।"

183 तिनीहरु सबै त्यहाँ गए। "ओ, प्रभु! होइन। हामीहरु त पवित्र भनाउदा भानिनेछौ, त्यसपछि त। होइन, हअ, हामीले त्यसो गर्नसक्दैनौ।" बुझ्नुभयो?

184 यहोशू र कालेबले भने, "म हेर्नेछु त्यो कस्तो देखिन्छ।" त्यसैले तिनीहरु त्यहाँ आए र चारैतिर हेरे, मेरो, तिनीहरु त्यहाँ पुगे र दाखका हागाका एक झुप्पा घोचोमा हालेर ल्याए। भने, "केटाहरु, त्यो भूमी त एकदम राम्रो छ, अत्यन्त राम्रो छ! यहाँ, यी केहि लिऊ, यो साच्चै नै राम्रो छ!"

185 "ओ, त्यो राम्रो छ, तर, ओ, ती ठूला उसलाई हेर...ओ, हामीले त्यो गर्नसक्दैनौ। ती ठूला ठूला धार्मिक संगठित संस्थाहरु को विरुद्ध खडा हुनसक्दैनौ, ती सबै ठूला कुराहरु संग? ओ, त्यो एकदम खराब हो, हामीले त्यो गर्नसक्दैनौ। होइन, श्रीमान्, त्यो जो सुकै होस्, हामी हार्नेछैनौ। होइन, श्रीमान्।" र तिनीहरुले भन्न थाले, "ओ, फर्केर मिश्रको मासू पकाउने कटाहमा नै फर्केर जाऔ। हामीले बरु त्यति तल बसेको भए हुन्थ्यो। हामीले गर्नै सक्दैनौ, यो बाटो एकदम कठिन छ। हामी जान्दछौ कि हामीले *यो* गर्न सक्दैनौ, हामीले *त्यो* गर्नसक्दैनौ।"

186 बुढो कालेबले भन्यो, "तिमीहरु सबै स्थिर रहो!" यहोशूले भने, "चुप लाग्नुस् तपाईहरु सबै! मलाई केहि भन्न दिनुहोस्।"

187 "ओ, हाय, हाय, हाय, हामीले यो गर्नसक्दैनौ! ओ, हामीले सक्दैनौ। ठिक छ, यदि मैले मेरो कार्ड पार्टी त्याग्न थियो भने, भाई ब्रन्हाम! यदि मैले मेरो कपाल कुनै बुढी आईमाईको जसरी पाल्न पर्ने हो भने, मलाई थाहा छैन मैले गर्ने हो भनि। यदि मैले मेरो सानो कट्टु नलाउन पर्ने हो भने, म—म—म, मेरो, मैले केवल सक्दिन, तपाईलाई थाहा छ। र यदि मैले मेरो

चुरोट त्याग्न पर्ने हो भने, यदि मैले त्यसो गर्न पर्ने हो भने!" तपाई कमजोर संकल्पको उदाहरण हुनुहुन्छ।

188 यहोशूले भए, "ओ, यहि असल हो। हाल्लेलुयाह! हामीले त्यो लिन सक्छौ।" त्यो के थियो? तिनीहरुले ठूलो ठूलो शहरहरुलाई हेर्दै थिए जुन पर्खाल लगाईएको थियो। र यहोशू र कालेबले त्यो एउटा प्रतिज्ञालाई हेरिरहेको थियो जुन परमेश्वरले तिनीहरुमा गर्नुभएको थियो। वचन मै रहिरहो, तपाई जे सुकै हो त्यसले फरक पर्दैन। वचन मै रहिरहनुस्।

189 किनकि पत्रुसले भनेका थिए, "तिमीहरु प्रत्येक पश्चताप गर, र पाप क्षमादानको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिऊ, किनकि प्रतिज्ञा तिमीहरुको लागि हो," (कुन प्रतिज्ञाको देश?) "र तिमीहरुको सन्तान, र तिनीहरु जो टाडा टाडा छन्, तिनीहरुको निम्ति पनि जसले हाम्रा परमप्रभु परमेश्वरले बोलाउनुहुन्छ।"

190 यसले तपाईलाई चित्त दुखाउन नदिनुहोस्, कृपया त्यसो नगर्नुस्। बुझ्नुभयो? त्यहाँ तपाई पिल्ग्रिम होलिनेस र नाजरिनहरु, तपाई ठिक पवित्रीकारणमा आउनुभयो, ठिक त्यस स्थान सम्म पनि आईपुग्नुभयो जहाँबाट तपाईहरुले दाखसमेत देख्नुभयो, र त्यपछि अगाडि नबढी फर्किएर जानुभयो। हेर्नुहोस् के भयो? त्यहि नै जो जसले फरक पार्छ, तपाईहरु कहिल्यै पनि त्यस देशमा हिड्नुभएन। मलाई एउटा नाजरिन या पिल्ग्रिम होलिनेस देखाउनुहोस्, या तिनीहरु मध्ये कोहि जो मैदानमा आज छन्, महान् चंगाईको अभियान, चिन्ह र आश्चर्य कर्महरु सहित गरेको। मलाई एउटा देखाईदिनुहोस्। तपाईहरु मिश्रसंग बस्नुभयो, त्यो लासूनको भाडोमा फर्केर जानुभयो। तपाईहरु कादेस–बर्नियामा रोकिनुभयो। त्यो सहि हो।

191 हेर्नुहोस्, र म तपाईहरुलाई तपाईको स्थान दिनेछु, हिब्रू ६ औ अध्याय। "किनकि तिनीहरुको निम्ति यो असम्भव हो जसलाई एक पटक प्रकास गरियो," तपाईलाई राम्ररी थाहा छ। यदि तपाईलाई थाहा छैन भने, तपाईले अब जान्नुहुनेछ। बुझ्नुभयो? "र भागीदारी बनाई, र स्वर्गीय वरदानहरु चाहेको छ।"

192 चाखेको छ, देख्नुभयो। मानिसहरु मण्डलीमा जान्छन् र वरपर बस्छन् र भन्छन्, "तपाईलाई थाहा छ, तिनीहरु, तिनीहरु सहि हुनसक्छन्। त्यो—त्यो—त्यो सहि हुनसक्छ। त्यो केवल एउटै हुनसक्छ, तर म तपाईलाई भन्छु केटा, यो गर्नको लागि धेरै विश्वास चाहिन्छ।"

193 “स्वर्गीय वरदानहरु चाखिसकेको, आफुलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने ‘अशुद्ध’।”

194 एउटा प्रचारक जस्तो, उनको आमाले उनलाई टाडा पठाउछ। उनले भन्छ, “मैले परमप्रभुको एउटा दास हुनको निम्ति वोलावट भएको छ।”

195 “ठिक छ। पहिलो कुरा मैले जे गर्नु पर्छ त्यो एउटा शुद्धता गराउनुपर्छ, प्रिय, र र म तिमीलाई कुनै एउटा विद्यालयमा पठाउनेछु।” जीवन मै गरेको सबै भन्दा खराब काम उनले त्यहि गर्यो। त्यो सहि हो। तिनीहरुले उबाट ती सबै कुरा बाहिर निकाल्छ जुन परमेश्वरले उ भित्र राख्ने कोशिष गर्दै हुनुहुन्थ्यो। अब, ध्यान दिनुहोस्।

196 “यदि हामीले सत्यको ज्ञान पाईसकेपछि पनि जाना जान पाप गर्छौ भने। धर्मशास्त्रमा हेर्नुहोस् र बाईबालमा यो जान्नुहोस् कि उहाँ हिजो, आज र सधैभरी एक समान हुनुहुन्छ। त्यो हेर्नुहोस्, यो सत्यताको ज्ञान हो। यो हेर्नलाई, हामी फर्कन्छौ, आफुलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने ...”

197 एउटा व्यक्तिले भन्छ, “ओ, हो, म परमेश्वरमा विश्वास गर्छु।” ठिक छ, तपाईले पहिलो कदम गर्नुभयो।

198 “निश्चय पनि, म पवित्रीकरणमा विश्वास गर्छु।” ठिक छ, तपाई अब सिमारेखामा हुनुहुन्छ, ठिक यहाँ माथि पवित्र आत्माको बप्तिष्मा प्राप्त गर्नको लागि। तर्रा तपाईले पारी हेरे भन्नुहुन्छ, “म—म—म त्यस विषयमा जान्दिन। यदि मैले यसरी व्यवहार गर्न पर्ने...होइन। मलाई थाहा छैन। तपाईलाई थाहा छ तिनीहरुले ति मानिसहरुलाई के भनि बोलाउछ? अ–ह, मलाई थाहा छैन कतै मैले त्यो गर्न सक्छु या सक्दिन भनि। होइन, मलाई लाग्छ म केवल त्यहाँ जान्छु र आफुलाई त्यहाँ शामिल गराउछु...?...” बुझ्नुभयो? बुझ्नुभयो?

199 र तपाईलाई थाहा छ के हुन्छ? उहाले भन्नुभयो, “तिनीहरुलाई त्यहाँ प्रवेश गर्नु असम्भव कुरा हो।” तिनीहरुले अनुग्रहको दिनलाई पाप गरेर छोडेका छन्। बाईबलले त्यसो भन्छ। मलाई थाहा छ त्यो रुखो छ, तर बाईबलले भन्छ, “स्वर्गीय वरदानहरु चाखे, आफुलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने ...”

200 तिनीहरुले भन्छन्, “म पवित्रीकरणमा विश्वास गर्छु, एउटा असल, शुद्ध र पवित्र जीवनमा।”

201 निश्चय पनि, तर तपाई, जब तपाईले पवित्र आत्माको बप्तिष्मालाई देख्नुभयो, र बप्तिष्मा र अन्य अरु त्यस्तै बाईबलका कुराहरु, र तपाईले के गर्नुभएको छ? आफुलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने, "असुद्धता बाट।" संसारमा के कुराले तपाईलाई त्यहाँ ल्यायो, मानिस? के ले...?...तपाईलाई के कुराले एउटा तुच्छ–निच पापी हुनबाट रोक्यो? के ले तपाईको जीवनबाट पापलाई निकाल्यो, र धुम्रपान र मद्यपान, र स्त्रीहरु र ती सबैथोक तपाईको जीवनबाट निकाल्यो, ती सबै त्यहाँ नहुन पर्ने थियो? के ले त्यो गर्यो? रगतको करारले! त्यसपछि तपाई त्यस भूमिको दाख चाख्नको लागि नजिक आउनुभयो, र पनि सुसमाचारबाट शर्माउनुहुन्छ, आफ्नो धार्मिक संगठित संस्थाबाट डराउनुहुन्छ! परमेश्वर दया राख्नुहोस्! हो, श्रीमान्। "आफुलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने, अशुद्ध। र अनुग्रहको कामलाई अपमान गरेका छन्। त्यस भूमिमा त्यसलाई प्रवेश गर्न असम्भव छ।"

202 के भयो? मैले तपाईलाई सोधे। अब, प्रारूपिक हुँ, चित्रण गर्छु, र कुनै पनि मानिस जसले बाईबाल जानेको छ त्यो एउटा प्रारूपिक हो। के ती मध्ये कुनै मान्छेले कहिल्यै प्रतिज्ञाको देशमा प्रवेश गर्यो? ती मध्ये कोहि गएनन्। कसले त्यो गर्यो, को त्यहाँ पुग्यो? तिनीहरु जो पहिले गए, ढिलोसंग आए र भने, "हामीले त्यो लिन सक्छौ, हामीमा पवित्र आत्मा हुनसक्छ 'किनकि परमेश्वरले त्यसो भन्नुभयो! पत्रुसले पेन्टिकोष्टको दिनमा भएँ, यदि मैले पश्चताप गरे र येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिए,' मैले पवित्र आत्मा प्राप्त गर्नुपर्छ, प्रतिज्ञा मेरो लागि हो। म यो गर्न इच्छुक छु। मेरो हो, प्रतिज्ञा मेरो हो।" तपाईले बुझ्नुभयो? "अब प्रतिज्ञा मेरो हो। मैले यो प्राप्त गरेको छु, यो मेरो हो। निश्चय नै मेरो हो।" तिनीहरु मात्र एक हुन्।

203 "ओ," तपाईले भन्नुहुन्छ, "तर, भाई ब्रन्हाम, पुनरुत्थानमा।" तिनीहरु त्यहाँ हुने छैनन्। "ओ, तिनीहरु हुनेछैनन्?" हुने छैनन्, श्रीमान्। येशूले त्यहि भन्नुभयो।

204 तिनीहरु भने, "र तिमीले आफैलाई मोसा जस्तै महान् बनाउदै छौ, र तिमीले भनेको थियौ कि तिमी त्यहि हौ, तिमीले 'अब्राहामलाई देखेको छौ।'" र उहाँले भन्नुभयो, "र—र—र—र अब्राहाम मरेको धेरै भैसक्यो!

किन, तिमी पचास वर्षको बुढो पनि भएको छैनौ, र तिमी भन्छौ तिमीले अब्राहामलाई देखेको छौ?"

205 उहाँले भन्नुभयो, "अब्राहाम हुन भन्दा अगाडि, म छदै छु।" ओ, मेरो! "म हुँ।" सधै उपस्थित, अनन्त परमेश्वर। हिजो होइन, भोलि होइन, "म हुँ।" बुझ्नुभयो? सदा–उपस्थित, एलोहिम, "म हुँ।" तब तिनिहर्ले लिए... तिनीहरुले उहालाई मार्न खोजे।

206 उहाँले भन्नुभयो, "ठिक छ, हाम्रा पिताले उजाडस्थानमा चालिस वर्षसम्म मन्न खाए। परमेश्वरले स्वर्गबाट तिनीहरुलाई रोटि वर्षाएर खुवाउनुभयो। तिनीहरु मण्डलीमा गए र चालिस वर्षसम्म तिनीहरुले असल मण्डलीका सदस्या थिए। मेरी बुढी आमा ठिक यधि मण्डलीमा मर्नुभयो," र सबै कुरा त्यस्तै भयो। "मेरा पितापूर्खाले उजाडस्थानमा चालिस वर्षसम्म मन्न खाए।"

207 र येशूले भन्नुभयो, "र तिनीहरु सबै नै मृत छन्।" *मृत्युको* अर्थ हो "अनन्त विछोड।" "तिनीहरु सबै मृत छन्। तर म तिमीहरुलाई भन्दछु, कि म जीवनको रोटि हुँ जो परमेश्वरबाट स्वर्गबाट आएको हुँ। एउटा मान्छेले यो आत्माको रोटि खान्छ, त्यसमा अनन्त जीवन छ र नाश हुनसक्दैन। र म त्यसलाई अन्तिम दिनमा उठाउनेछु।" ओ, भाई, के उहाँ अद्भूत हुनुहुन्न?

के उहाँ अद्भूत, अद्भूत, अद्भूत हुनुहुन्न र?
के येशू हाम्रो प्रभू अद्भूत हुनुहुन्न र?
आँखाले नदेखेका, कानले नसुनेका, जे परमेश्वरको
  वचनमा राखिएको छ;
के येशू हाम्रो प्रभू अद्भूत हुनुहुन्न र?

208 के त्यो सहि हो? हामी देख्दछौ कि उहाको सुक्ष्मदर्शी आत्मा हाम्रो माझबाट भएर जादै हुनुहुन्छ। हामी देख्दछौ कि उहाँ आफ्नो चमत्कार र चिन्हहरु र आश्चर्यको कार्यहरु प्रदर्शन गर्दै हुनुहुन्छ। हामीले यो ठिक लेखिएको वचन देखि सुन्दछौ, तपाईले यो ठिक पुष्टि भएको देख्नसक्नुहुन्छ। ओ! प्रभु!

आँखाले नदेखेका, कानले नसुनेका, जे परमेश्वरको
  वचनमा राखिएको छ;
के येशू हाम्रो प्रभू अद्भूत हुनुहुन्न र?

209 अर्को दुइ मिनेटमा, या तिन, त्यहाँ पानीको बप्तिष्माको सेवा हुनेछ। र अब जति पनि बप्तिष्मा गर्न जादै हुनुहुन्छ, महिलाहरुलाई यहाँ *जान* दिनुहोस्, र पुरुष *यो* तर्फ जानुहोस्। र पुरुषहरु मेरो देब्रे तर्फा हुनुहोस, *यहाँनिर* यो तर्फी। र महिलाहरु *यहाँनिर।* त्यहाँ निर बहिनिहरु हुनेछ जो कपडा तयार पारेर बसेका हुन्छन्। र यदि कुनै पुरुष वा महिला यस बिहानी यहाँ, जो परमेश्वरको वचन विश्वास गर्छु भनि पक्का हुनुहुन्छ, र तपाईले विश्वास गर्नुहुन्छ कि परमेश्वरले उहाँको प्रतिज्ञा पूरा गर्नुहुन्छ, यदि कुनै मान्छेले आफ्ना पापहरुमा पश्चताप गर्छ...अब, रगतले अहिले सम्म केहि गरेको छैन। होइन, यो केवल परमेश्वर प्रति तपाईको विश्वास हो। र परमेश्वरको बोलावट, केवल, "फ्यु, फ्यु, फ्यु!" बोलाउदै हुनुहुन्छ, त्यहि नै हो जे अहिले गर्दै हुनुहुन्छ, "फ्यु, फ्यु।"

"मेरो कहिल्यै पनि बप्तिष्मा भएको छैन।"

"फ्यु, फ्यु!"

"ठिक छ, ठिक छ, यदि मैले केवल शूरोऊ गर्न सके र केवल फरक गर्नसके।"

"फ्यु!" कि, त्यहि नै हो, शुरू, त्यसपछि—त्यसपछि तपाईले फरक गर्नुहोस् तपाईले शुरू गर्नुभएपछि। बुझ्नुभयो? तपाई फर्कनुपर्छ, शुरू गर्न पर्छ, बुझ्नुभयो।

तपाईले भन्नुहुन्छ, "ठिक छ, म—म—मैले कहिल्यै पनि यस्तो देखेको छुइन।"

210 ठिक छ, भाई प्रिय, तपाईले मलाई एउटा पद देखाउनुहोस् जहाँ कुनै पनि मानिसले...मैले यसलाई संसारभरिको मेरो एकतिस वर्षसम्मको सेवकाईमा दिएर आईरहेको छु, बिशप र अन्य त्यस्तैहरुको अगाडि, जहाँ एउटा व्यक्ति, जहाँ एउटा व्यक्ति येशू ख्रीष्टको नाउँमा बाहेक अरु कुनै तरिकाले बप्तिष्मा भएको होस्। र तिनीहरु जो जति येशूको नाउँमा बप्तिष्मा भएका छैनन् तिनीहरु फेरी आएर नाउँमा बप्तिष्मा लिनुपर्दछ।

211 परमेश्वरसंग केवल एउटा मात्रै नाउँ छ, र उहाको नाउँ येशू हो, त्यो उहाँको पुत्र हुनुहुन्छ। उहाँले आफ्नो पुत्रको नाउँ लिनुभयो। परमेश्वर! अब, येशू, शरीर एउटा मान्छेको थियो। हामी त्यो जान्दछौ। त्यो परमेश्वरको पुत्र थियो जसलाई निष्प्रभ गरिएको थियो। अब हामी वान्नेसको तरिकामा विश्वास गर्दैनौ, ती मानिसहरु जसले परमेश्वर तपाईको औला जस्तो हो

भन्छन्। हामी विश्वास गर्छौं कि त्यहाँ परमेश्वरको तिन ओटा गुण...गुणहरु थियो। परमेश्वरको तिन ओटा गुणहरु, जसमा परमेश्वरले आफैलाई प्रकट गर्नुभयो। तर त्यहाँ केवल एउटा परमेश्वर हुनुहुछ। बुझ्नुभयो? त्यो सहि हो। हामी विश्वास गर्दैनौ कि...हामी विश्वास गर्छौं कि एउटा—एउटा... आउनुहोस् म तपाईलाई यसरी बनाउछु, हामी विश्वास गर्छौं कि परमेश्वर तिनओटा कार्यलयमा रहनुभयो। उहाँको एकसमय पृथ्वीमा कार्य रह्यो।

212 अब, तपाई महिलाहरु *यस* तर्फी जानुहोस्, र तपाई पुरुषहरु *यस* तर्फी जानुहोस्, त्यसरी तयार हुदैछ। र अब उहाहरु बप्तिष्माको सेवाको लागि तयारी हुदै हुनुहुन्छ।

213 र, अब, परमेश्वरको तिन ओटा कार्यभारहरु थिए। ती मध्ये एउटालाई पिता भनिन्थ्यो, या पिताको समय भनिन्थ्यो; र अर्कोलाई चाहि पुत्र भनिन्थ्यो; र अर्कोलाई चाहि पवित्र आत्मा भनिन्थ्यो। अब, आज, के—कुन समयमा पिताले कार्य गर्दै हुनुहुन्छ? [सभाले भन्छ, "पवित्र आत्मा।"—सम्पा] पवित्र आत्मा। उहाँ के हुनुहुन्थ्यो त्यो विगतको दिनहरुमा? ["येशू"] येशू। र उहाँ त्यो भन्दा अगाडिको दिनहरु मा के हुनुहुन्थ्यो? ["पिता"] तर त्यो केवल एकै परमेश्वर हुनुहुन्थ्यो! के त्यो सहि हो? उहा पिता, पुत्र र पवित्र आत्मा हुनहुन्छ। ती तिन, ती एकै परमेश्वरको तिन कार्यभारहरु हुन्। एउटा परमेश्वर!

214 तर अब, पिता एउटा नाउँ होइन, ठिक छ? म तपाईलाई सोध्न चाहन्छु। अब म तपाईलाई मत्ति २८:१९ दिन चाहन्छु, जहाँ येशूले भन्नुभएको छ, "सारा संसारमा जाओ र सारा जातिलाई पिता र पुत्र र पवित्र आत्माको नाउँमा बप्तिष्मा देओ..."

215 अब म हेर्न चाहन्छु तपाईले आफ्नो धर्मशास्त्र कति राम्रो संग जान्नुहुन्छ। मलाई भन्नुहोला जब म रेखाबाट बाहिरिन्छु। र उहाँले तिनीहरुलाई भन्नुभयो, "यसकारण जाओ, र सारा सृष्टिलाई सुसमाचार बनाओ। तिनीहरु जसले विश्वास गर्छ र बप्तिष्मा लिन्छ बचाईनेछ। तिनीहरु जसले विश्वास गर्छन् दोषी ठहरीनेछैनन्। तिनीहरुमा यी चिन्हहरु हुनेछन् जसले विश्वास गर्दछन्। तिनीहरुले मेरो नाउँमा भूतहरु धपाउनेछन्," त्यो सबै साचो हो?) "नया भाषाहरुमा बोल्नेछन्, सर्पहरु समात्नेछन्।" अब म तपाईलाई मत्तिको अभिव्यक्ति देखाउनेछु...

216 अब सुन्नुहोस्। म कुनै पनि इतिहासकारलाई सोध्छु। अब यो टेपमा गईरहेको छ, यो सारा संसारमा जान्छ। म कुनै पनि इतिहासकारलाई भन्छु कि म कहाँ आएर धर्मशास्त्रको कुनै एउटा पद ल्याउनुहोस्, कुनै पनि पद... या धर्मशास्त्र होइन, कुनै पनि पद वा कुनै इतिहास देखाउनुहोस्, इतिहासमा कुनै एउटा पद जसले त्यो देखाउनसकोस् क्याथोलिकले नाईसिन सभामा नियुक्त गर्नुभन्दा अगाडि कि कुनै प्रोटेस्टेन्टहरुको, कहिल्यै "पिता, पुत्र, पवित्र आत्मा" को नाउँमा बप्तिष्मा भएको होस्। अब यो टेपमा छ, यो संसार भरि जान्छ, सड्तिस भिन्न भाषाहरुमा यो अनुवाद भएको छ। म तपाईको बाटो सागर पारी तिर्नेछु। त्यो सहि हो। "पिता, पुत्र र पवित्र आत्मा" एउटा झुट हो, झुटा क्याथोलिकको सिद्धान्त हो, र इसाई बप्तिष्मा होइन। ठिक! लुथरले यसलाई क्याथोलिक मण्डलीबाट लिएर आए, क्याटेसिजम वेस्लीले अपनाएर आए। तर यो दिन हो जुन परमेश्वरको पुत्रहरुको प्रकट हुने दिन हो, जुन बेलामा संसारको उत्पत्ति हुनभन्दा अगाडि देखि लुकेर रहेको रहस्यहरु प्रकट गरिएको छ। यहि नै घडि हो। निश्चय नै।

217 याद गर्नुहोस्, त्यहाँ एउटा पनि व्यक्ति बाईबलमा थिएन जो "पिता, पुत्र, पवित्र आत्माको नाउँमा।" बप्तिष्मा भएको थियो। अन्तिम प्रेरितको मृत्युको तिनसय वर्ष पश्चात, त्यहाँ कोहि पनि कहिल्यै "पिता, पुत्र र पवित्र आत्माको" नाउँमा बप्तिष्मा भएको थिएन। तिनीहरु...मैले दुवै *पूर्व–नाईसिन पूर्वज, नाईसिन सभा*, र त्यहि देखि तिनीहरुले संस्थागत गर्यो जसलाई तिनीहरुले "इसाई सार्वभौम मण्डली।" भन्छन् र त्यसबाट संस्था बनाए र त्यो मान्नको निम्ति मानिसहरुलाई बाध्य बनाए, जुन क्याथोलिक मण्डली हो। त्यो शब्द *क्याथोलिक* को अर्थ नै "सार्वभौम" हो, एउटा सार्वभौम इसाई मण्डली, सार्वदेशिक, एउटा मण्डलीलले सबै संसार ढाक्ने। र इसाईत्व, तिनीहरुले मानिसहरुलाई बाध्य बनाए। त्यहाँ तिनीहरुले अपनाए, तिनीहरुले शुक्रलाई झारेर मरियमलाई राखे। तिनीहरुले पावललाई निकाले...या बृहस्पति, र पावललाई निकाले। यो अझै पनि पागन हो! क्याथोलिक मण्डली त्यहाँबाट आयो, र पाँच सय बर्ष पछि...

218 त्यहाँ लुइसविलमा एउटा नाटक भईरहेको छ, *बेन हूर* को। धेरै समय भएको छैन तिनीहरुसंग *दस आज्ञा* थियो। म चाहन्छु कि तिनीहरुले कहिल्यै एउटा मात्रै लियो भने, यदि तिनीहरुले सक्ने भए, ती पन्ध्र सय वर्षसम्मको अन्धकारको युगलाई। म चाहन्छु तिनीहरुले त्यसको विषयमा

गरोस्। पन्ध्र सय वर्षसम्मको पागन सतावटलाई, जब तिनीहरुले सबै बाध्य बनाई र तिनीहरुलाई मारे, हत्या गरे, तिनीहरुलाई बाधे। एउटा साढेलाई एक ठाउँमा बाधेर र अर्कोलाई अर्को पट्टि बाधेर, तिनीहरुले कि त क्रूसलाई चुम्न लगाई या तर त्यस साढेले शरीर तान्न लगाउथे। मैले मेरो हात ठिक स्विजरल्याण्डमा, जहाँ त्यो ठाउमा जहाँ तिनीहरु उठेर र तिनीहरुको जिब्रो काटिदिएका थिए र तिनीहरुलाई बोक्सी र अन्य कुरा भन्न लगाएका थिए। त्यो वास्तवमै साचो हो।

219 र त्यहि आत्मा आज पनि छ। यो केवल कानून हो जसले यसलाई तल राखेको छ। स्वतन्त्रता नआउन्जेल पर्खनुहोस्। बाईबलले त्यहि भन्छ। केवल पर्खनुहोस् त्यसले आफ्नो रंग नदेखाउन्जेल, जब मौका पाउछ तब शुरू हुन्छ। तपाईले त्यसमा चाडैनै भोट गर्न पनि सक्नुहुन्छ, किनकि मलाई थाहा छ। बुझ्नुबह्यो? यो हुनेछ, यो हुनआउनेछ। त्यहाँ यसलाई बाहिर राख्ने कुनै त्यसो कुरा छैन। यो आउनुनै पर्नेछ। त्यो सै हो। यो आउनुनै पर्नेछ, यो आउदैछ। त्यसैले जब यो आउछ, तपाईले केवल हेर्नुहोस्। तर, भाई, तपाईले यो एउटा कुरा जान्न चाहनुहुन्छ, मलाई थाहा छ मैले कसमा विश्वास गरेको छु। हाल्लेलुयाह! ठिक त्यसमा बढि रहेको छ। बुझ्नुभयो। त्यहि नै हो।

220 त्यहाँ एउटा समय छ जब लेखकले, जब मैले भने ल्यामसाको लेखक... ल्याम्सा बाईबल, जब उनले हेरे र परमेश्वरको प्राचिन चिन्ह देखे, ठिक उस्तै, तिन ओटा सानो सानो बिन्दु त्यसमा थियो, मैले भने, "त्यो के हो?"

उहाले भन्नुभयो, "त्यो परमेश्वर तिन ओटा गुणमा हुनुहुन्छ।"

मैले भने, "पिता, पुत्र र पवित्र आत्मा जस्तो?"

उहाले मतर्फ हेर्नुभयो। उहाले भन्नुभयो, "के तिमी त्यो विश्वास गर्छौ?"

र मैले भने, "हो, श्रीमान्।"

221 उहाले भन्नुभयो, "मैले त्यो गुप्त कुरा विगतको रातमा देखेको थिए, मलाई लाग्छ तपाई एउटा प्रभुको अगमवक्ता हुनुहुन्छ।" भन्नुभयो, "तपाईको हृदयलाई आशिष भएको होस्।" उहाको हातले मलाई अँगालो हाल्नुभयो र भन्नुभयो, "अब मलाई थाहा छ यो हो।" उहाले भन्नुभयो, "यी अमेरिकी मानिसहरुलाई यो थाहा समेत छैन।" भन्नुभयो, "तिनीहरुले केहि पनि जान्दैनन्।" भन्नुभयो, "तिनीहरुले पूर्वीय पुस्तक लिएर पश्चिमी पुस्तक

बनाउन खोजिरहेका छन्। तिनीहरुलाई तिनीहरुको आफ्नो बाईबाल समेत थाहा छैन।" उहाले भन्नुभयो, "स्वर्ग मुनी त्यहाँ अरु कुनै नाउँ दिईएको छैन, किनकि सबैजना तिनीहरु येशू ख्रीष्टको नाउँमा बप्तिष्मा भए। त्यहाँ त्यस्तो एउटा परमेश्वरमा तिनओटा व्यक्ति छ भन्ने कुराहरु छैन।" र त्यो भाई ल्याम्सा हुनुहुन्छ, डक्टर ल्याम्सा, ल्याम्सा बाईबलको अनुवादक हुनुहुन्छ, जो आईजेनहोवरको बच्चा देखिको साथी हुनुहुन्छ र सबै संसारका महान् डिप्लोम्याट्सका साथी हुनुहुन्छ, र सबै त्यस्ता अन्य कुराको, उहाले आफ्नो हात फैलाई मलाई अंकमाल गर्नुभयो र भन्नुभयो, "कुनै दिन तिनीहरुले तपाईलाई त्यसको निम्ति मार्नेछन्। तर," भन्नुभयो, "याद गर्नुहोस्, ती सबै मानिसहरु केहि उदेश्यको लागि मर्दछन्।"

222 म त्यस्तै हुन चाहन्छु जब बुढो पत्रुसलाई भ्यालखानामा राखियो। त्यहाँ एउटा सानो गरिब केटा थियो र उ एकदम आत्तिएको थियो। र उनले भन्यो, "ओ, के भयो?

उसले भन्यो, "तपाईलाई थाहा छ तपाई मारिनेवाला हुनुहुन्छ?"

पत्रुसले भन्यो, "हो।"

उसले भन्यो, "ठिक छ, तपाईलाई आज नै मारिनेवाला छ।"

उनले भन्यो, "हो।"

उसले भन्यो, "अँ, तिनीहरुले—तिनीहरुले...के तपाईलाई डर लागेको छैन?"

उनले भन्यो, "अँह, छैन।"

उसले भन्यो, "तपाई पनि तिनीहरु मध्ये एक हुनुहुन्छ जसले आफुलाई इसाई भन्छन्।"

उनले भन्यो, "हो।"

भन्यो, "के भयो?"

223 उनले उसलाई भन्यो, उनी तल बसे र उसलाई कथा सुनायो। र जसै त्यो कथा भानिदैथियो, उनले भन्यो, "र म चाहेको भए यस बिहानीमा मुक्त हुनसक्थे। म गएर तिनीहरुको कुनै एउटा धार्मिक संगठित संस्थामा जोडिएर जिउन सक्थे, बुझ्नुभयो। म मुक्त पारिन सक्थे। तर मैले शहरको ढोकाबाट शुरू गरे, र मैले एकजना आउनुभएको देखे, भित्रै आउदै हुनुहुन्थ्यो। मलाई थाहा छ उहा को हुनुहुन्छ। मैले भने, 'प्रभु, तपाई कहाँ जादैहुनुहुन्छ?'

उहाले भन्नुभयो, “म फेरी पनि क्रूसमा टाँगीनलाई फर्केर आएको छु।'” भन्नुभयो, “म फेरी फर्केर आए।”

224 त्यहि बेला तब तिनीहरुले भने, “कसको नाउँ सिमोन पत्रुस हो?”

मैले भने, “म यहाँ छु!”

भने, “हामी तिम्रो लागि तयार छौ।”

मैले भने, “मैले तिमीहरुको लागि पर्खिरहेको थिए।” हिडेर त्यहाँ गए।

225 त्यो केटाले उनलाई काँधमा छोयो, र भन्यो, “एक मिनेट पर्खनुस्, सिमोन; म पनि त्यो परमेश्वरलाई स्वीकार गर्छु! र अब म पनि डराएको छुइन; तिमी पछि दोस्रो मलाई हुनदेऊ।” त्यो सहि हो। हाल्लेलुयाह!

झरिरहेको...यो रगत झरिरहेको छ, हो, यो रगतले चिसो भएको छ,
पवित्र आत्माको सुसमाचार रगतले चिसीएको छ,
त्यो चेलाहरुको रगतले जो सत्यको लागि मरे,
पवित्र आत्माको सुसमाचार रगतले चिसी नै रहेको छ,

पवित्र आत्माको योजनाको लागि मर्ने पहिलो,
बप्तिष्मा दिने यूहन्ना थिए, तर उनी एउटा मानिस जसरी अरे;
त्यसपछि आउनुभयो प्रभु येशू, तिनीहरुले उहाँलाई क्रूसमा टाँगे,
उहाँले यो प्रचार गर्नुभयो कि आत्माली मानिसहरुलाई पापबाट बचाउनेछ।

त्यहाँ पत्रुस र पावल, र यूहन्ना दिव्य थिए,
तिनीहरुले आफ्नो जीवन दिए ताकि यो सुसमाचार चम्किन सकोस्;
तिनीहरुले आफ्नो रगत बगाई, जस्तो पुराना अगमवक्ताहरुले गरे,
त्यसैले परमेश्वरको साचो वचन इमान्दारीताका साथ भन्नसकोस्,

त्यहाँ वेदिको मुनि पानहरु छन्, जो कराईरहेका छ,
"कहिले सम्म?"
परमप्रभुले तिनीहरुलाई सजाय दिन जसले गलत गरेका छन्; (सुन्नुहोस्!)
तर त्यहाँ अझै धेरै हुनेछन् जसले आफ्नो जीवनको रगत दिनेछन्,
यस पवित्र आत्माको सुसमाचार र यसको रागतको भेलको लागि।

यो रगतले चिसिएको छ, हो, यो रगतले चिसिएको छ,
यो पवित्र आत्माको सुसमाचारको यो चिसिएको छ... रगतले,
चेलाहरुको रगतले जो सत्यताको निम्ति मरे,
यो पवित्र आत्माको सुसमाचार रगत चिसिएको छ।

226 हामी जानुभन्दा अगाडि केवल एउटा वचन:

*...र तिनीहरुले पत्रुसलाई र बाकि रहेकाहरुलाई भने, दाजुभाईहरु हो, बाच्नको निम्ति हामीले के गर्नुपर्छ?*

*...पत्रुसले तिनीहरुलाई भने, "पश्चताप गर, र तिमीहरुका पाप–क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिष्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ।*

*किनकि प्रतिज्ञा तिमीहरुका निम्ति, तिमीहरुका सन्तानको निम्ति र टाढा–टाढामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।"*

227 अब प्रभुले तपाईलाई दिनुभएको होस्। हामी बाटोबाट निस्किदै गर्दा। तपाईहरुले बप्तिष्मा हेर्न सक्नुहुन्छ हामीले...?...

*अभिग्रहण* ³ NEP60-0522M

(Adoption ³)

**अभिग्रहण शृंखला**

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा आईतबार बिहान मे 22, 1960 मा ब्रन्हाम टेबरनेकल, जेफरसनभिल, इन्डीयाना, संयुक्त राज्य अमेरिकामा प्रचार गरिएको हो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2020 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:



Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org